का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० फागुन २०८२
आइतबार
22 February 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

वर्ष २४, अंक ३१। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**निर्वाचन सुरक्षा**

# रौतहटमा तनाव
# देशभर चुनावी चिन्ता







तराई मधेशलगायत संवेदनशील निर्वाचन क्षेत्रमा चारवटै सुरक्षा अंगबाट उच्च तहका कर्मचारी खटाएर सूक्ष्म अध्ययन गरी कडा सुरक्षा प्रबन्ध मिलाउने सुरक्षा समितिले निर्णय गरेको छ

**आनन्द काफ्ले**, प्रवक्ता, गृह मन्त्रालय



रौतहट घटनामा संलग्न देखिएको २२ जनालाई पक्राउ गरी थप अनुसन्धान जारी छ। स्थितिलाई सामान्य बनाउन कर्फ्यू जारी छ।

**रविन कार्की**
**रौतहट जिल्ला प्रहरी प्रमुख**

**जीवन शर्मा/मध्याह्न**
काठमाडौं, ९ फागुन

प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा रौतहटको गौरमा भएको झडपले देशभरको चुनावी सुरक्षामा चुनौती थपिएको छ । गौर नगरपालिका-६ स्थित सनगढा गाउँमा मुस्लिम र हिन्दु समुदायका नाममा शनिबार भएको झडपले उग्ररूप लिएपछि देशभरको चुनावी चिन्ता बढेको हो ।

चुनाव नजिकिँदै जाँदा राजनीतिक दलका कार्यकर्ताबीच बढ्दै गएको तनाव र विभिन्न जातीय, धार्मिक र साम्प्रदायिक द्वन्द्वले निर्वाचनको सुरक्षामाथि चुनौती थपेको सरकारको विश्लेषण छ। गौर घटनाको विषयमा प्रधानमन्त्री सुशीला कार्कीले समेत चासो राखेकी छन्। उनले केन्द्रीय सुरक्षा समितिलाई आवश्यक रणनीतिसहित सुरक्षा व्यवस्था कडाइ गर्न निर्देशन दिएकी छन्।

रौतहट प्रहरीका अनुसार मुस्लिम समुदाय मस्जिदमा प्रार्थना गरिरहेका बेला हिन्दु समुदायले बाजा बजाएको भन्दै विवाद सुरु पृष्ठ २ मा

## संयमित र जिम्मेवार बन्न दलहरूको आग्रह

पछिल्ला केही दिनयताका घटनाक्रमलाई लिएर नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा र मधेश केन्द्रित दलहरूले समेत चिन्ता व्यक्त गरेका छन्। नेपाली कांग्रेसले पछिल्ला घटनाप्रति सबै सचेत भएर निर्वाचनलाई सफल बनाउन सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गरेको छ । 'लोकतन्त्रमा त्यस्ता गतिविधि समान्य हुँदैनन्', पार्टी प्रवक्ता देवराज चालिसेले भने, पृष्ठ २ मा

# चुनावका लागि सर्वोच्चद्वारा बाटो खुला

प्रतिनिधिसभा विघटनविरुद्धको रिटको साधारण तारेख फागुन २२ गतेलाई तोकिएसँगै सर्वोच्च अदालतबाट प्रतिनिधिसभा पुनर्स्थापना हुने र २१ फागुनको निर्वाचन नहुन सक्ने आशंका चिरिएको छ ।



**मुकुन्द लामिछाने/मध्याह्न**
काठमाडौं, ९ फागुन

२१ फागुनको निर्वाचनलाई लिएर कतिपयले शंका गर्न छाडेका छैनन् । यसका पछाडि सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दा विचाराधीन रहेको भनेर देखाउने एउटा अवस्था थियो । यस्तो अवस्था वा आशंका चिर्ने गरी सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्धको रिटमा तारेख तोकिदिएको छ ।

सर्वोच्च अदालतले फागुन २१ गतेको निर्वाचनको भोलिपल्ट अर्थात्, फागुन २२ गतेलाई साधारण तारेख दिएको हो । यो सँगै अदालतबाट प्रतिनिधिसभा पुनर्स्थापना हुने र २१ फागुनको निर्वाचन नहुन सक्ने आशंका चिरिएको छ ।

२७ भदौमा प्रतिनिधिसभा विघटन भएको थियो । केही समयपछि प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालतमा रिट पर्‍यो । गत कात्तिक १२ गते सर्वोच्च अदालतको संवैधानिक इजलासले १६ वटा रिट निवेदनमाथि सुनुवाइ गर्दै बाटोको म्याद बाहेक सात दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको थियो । लिखित जवाफ पेस भएपछि सर्वोच्च अदालतले फागुन २२ गतेका लागि साधारण तारेख तोकिएको हो ।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलन भएको थियो । त्यसक्रममा तत्कालीन नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनबाट सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भए । २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । अन्तरिम सरकारको सिफारिसमा २७ भदौमै राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरे र २१ फागुनका लागि निर्वाचन मिति तोके ।

प्रतिनिधिसभा विघटनपछि त्यसको विरोध गर्दै नेकपा एमालेका निवर्तमान सांसद र नेपाली कांग्रेसका निवर्तमान सांसदहरूले फरक-फरक रिट दायर गरेका पृष्ठ २ मा




# दलहरूले टेरेनन् निर्वाचन आयोगको निर्देशन

### चुनावमा ६७ दल सहभागी, घोषणापत्र ल्याउने जम्मा ४१

**दिवाकर अधिकारी/मध्याह्न**
काठमाडौं, ९ फागुन

प्रतिनिधिसभा निर्वाचनका लागि विभिन्न ४१ वटा राजनीतिक दलले चुनावी घोषणापत्र ल्याएका छन् । निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्रत्यक्षतर्फ चुनाव लड्ने दलको संख्या ६७ रहेको छ । तर, ४१ दलले मात्रै चुनावी घोषणापत्र ल्याएका छन् ।

निर्वाचन आयोगले यही फागुन ३ गतेभित्र घोषणापत्र सार्वजनिक गरी निर्वाचन आयोग वा निर्वाचन कार्यालयमा पेस गर्न निर्देशन समेत दिएको थियो । तर, अझै पनि कैयन दलहरूले चुनावी घोषणापत्र सार्वजनिक गरेर निर्वाचन आयोग वा निर्वाचन कार्यालयमा पेस गरेका छैनन् ।

आयोगका अनुसार निर्वाचनको घोषणापत्रप्रति राजनीतिक दल तथा उम्मेदवारलाई नागरिकसमक्ष जवपाफदेही बनाउने उद्देश्यले घोषणापत्र सार्वजनिक गर्न भनिएको हो । यससम्बन्धी व्यवस्था निर्वाचन आचारसंहिता २०८२ को दफा ३७ मा पनि छ । आचारसंहिताको व्यवस्था बमोजिम निर्वाचनमा भाग लिएका राजनीतिक दलहरूलाई घोषणापत्र सार्वजनिक गरी तोकिएका निकायमा पेस गर्न भनिएको हो ।

तर निर्वाचन आयोगको निर्देशनअनुसार राजनीतिक दलहरू घोषणापत्र ल्याएनन् । अर्थात्, कतिपय दलहरूले निर्वाचन आयोगकै निर्देशन टेरेनन् ।

निर्वाचन आयोगले राजनीतिक दल र उम्मेदवारलाई बैंक खाता खोल्न दिएको निर्देशन पनि अधिकांशले मानेका छैनन्। प्रतिनिधिसभा सभा सदस्यका लागि प्रत्यक्षतर्फ तीन हजार ४०६ जना उम्मेदवार छन् । तर, निर्वाचन खर्चका लागि छुट्टै बैंक खाता खोल्नेको संख्या जम्मा ६६७ छ । निर्वाचन आयोगका उपसचिव एवं सहायक प्रवक्ता सीता पुनका अनुसार पृष्ठ २ मा




**वैदेशिक रोजगार विशेष**

### दोस्रो जापान–नेपाल रोजगार सम्मेलनको तयारी पूरा
# जापान रोजगारीका लागि सम्मेलन अवसर हुने विश्वास

**पूर्ण चलाउने/मध्याह्न**
टोकियो, जापान, ९ फागुन

आगामी २४ फेब्रुअरी अर्थात् मंगलबार जापानको राजधानी टोकियोमा हुने दोस्रो जापान-नेपाल रोजगार सम्मेलनको तयारी पूरा भएको छ । टोकियो महानगरीय औद्योगिक व्यापार केन्द्र हामामात्सुचो-कानमा आयोजना हुने रोजगार सम्मेलनमा भाग लिन नेपालबाट करिब ४ दर्जन वैदेशिक रोजगार व्यवसायी जापान आएका छन् ।



*बायाँबाट क्रमश : जापानका मन्त्री हिरागुची, श्रमसचिव डा. काफ्ले, संघका प्रथम उपाध्यक्ष श्रेष्ठ, संघका पूर्वअध्यक्ष तथा मेलाका सहसंयोजक कटुवाल र फ्युचर इम्प्लाइमेन्टकी सञ्चालिका खत्री।*

मेलामा जापानका करिब एक हजार रोजगारदाताहरू सहभागी हुने तयारी रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष तथा रोजगार मेलाका सहसंयोजक प्रेमबहादुर कटुवालले मध्याह्नलाई जानकारी दिए। भेलाको जापानका न्यायमन्त्री हिरोशी हिरागुचीले उद्घाटन गर्ने कार्यक्रम छ । जापानमा न्याय प्रणाली, अध्यागमन जिम्मेवार न्याय पृष्ठ २ मा

## जापानमा रोजगारीको अवसर र चुनौती



■कमल बास्तोला

जापानमा नेपालीहरूको उपस्थिति बर्सेनि बढ्दो छ । अध्ययन, श्रम र व्यावसायिक क्षेत्रमा नेपालीहरूको चासो विस्तार हुँदै गएको पाइन्छ। विशेषगरी पछिल्ला वर्षहरूमा जापानले विदेशी कामदार भित्र्याउन थालेपछि नेपाल पनि सम्भावित श्रम स्रोतका रूपमा हेरिन थालेको छ। अहिले जापानले विदेशी कामदारलाई मुख्यतः स्पेसिफाइड स्किल्ड वर्कर्स (एसएसडब्ल्यू) र टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम जस्ता कार्यक्रममार्फत भित्र्याइरहेको छ। यी कार्यक्रमहरू जापानको श्रम बजारमा देखिएको अभाव पूर्ति गर्ने उद्देश्यले ल्याइएका हुन्।

विस्तृत पृष्ठ ४ मा

# आफ्नो पक्षमा मत पार्न पृथक प्रचार शैली अपनाउँदै प्रत्याशी

**काठमाडौं/मस-** प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै चुनावी प्रतिस्पर्धामा होमिएका उम्मेदवार पनि प्रचारप्रसारमा व्यस्त छन् । मत आफ्नो पक्षमा पार्न उनीहरू सबै आ-आफ्ना निर्वाचन क्षेत्रमा पुगेका छन् । यसले गाउँघरमा चुनावी चहलपहल बढेको छ ।

उम्मेदवारका प्रचार शैली पनि पृथक छन् । प्रत्यक्ष भेट वा चिनजान नै नभएका केही प्रत्याशी मतदाताका खेतबारी जोत्न, मल बोक्न, सागसब्जी केलाउनेदेखि बिरामी बोक्नेसम्मका काममा सक्रिय भएका तस्बिर र भिडियो सामाजिक सञ्जालमा छरपस्ट भएका छन् ।

उम्मेदवारहरुले आआफ्नो परिचय दिने क्रममा पहिले पनि भेटेको, 'फलाना'को नाताको मान्छे हुँ भनेर मत मागिरहेको सामाजिक सञ्जालमा हामी सबैले देखेका छौं । प्रत्याशीहरूले मुलुकको राजनीतिक अवस्था र आगामी मार्गचित्रबारे जनतालाई बुझाउँदै निर्वाचित आफू निर्वाचित भएमा मतदाताका अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरिरहेका छन् ।



नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहलगायत उम्मेदवारले मतदाताको विश्वास जित्न अपनाएको फरक शैली र अभिव्यक्तिलाई धेरै राजनीतिक विश्लेषकहरूले बहसको विषय बनाएका छन् ।

पूर्वपत्रकार ऋषि धमला, पूर्वमन्त्री महावीर पुन, एमाले नेता सूर्यबहादुर थापा, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई, राप्रपाका ज्ञानबहादुर शाहीलगायत उम्मेदवार फरक शैलीको प्रचारका कारण चर्चामा छन् । कतिपय उम्मेदवार मतदातासँग साक्षात्कारमा छन् भने केही उम्मेदवारले सामाजिक सञ्जाललाई प्रचारको मुख्य माध्यम बनाएका छन् ।

२०७९ को निर्वाचनबाट प्रमुख दलका रुपमा उदाएका नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले देशका विभिन्न स्थानमा आमसभा गरिरहेका छन् ।

पत्रकार राजेन्द्र दाहाल प्रविधिका कारण उम्मेदवारहरु मतदातामाझ सहजै पुगिरहेका बताउँछन् । 'समाजको प्रवृत्तिलाई प्रविधिले विस्तार गरिदिएको मात्रै हो । लक्ष्य उही हो, मतदाताको भोट सङ्कलन गर्ने', उनले भने ।

यही फागुन २१ गते १ सय ६५ स्थानका लागि हुने निर्वाचनमा तीन हजार ४ सय ६ उम्मेदवार प्रत्याशी भएका छन् । यो निर्वाचनमा एक करोड ८९ लाख तीन हजार ६ सय ८९ मतदाताले भोट हाल्ने अपेक्षा निर्वाचन आयोगले गरेको छ । यसका लागि १० हजार ९ सय ६७ मतदानस्थल र २३ हजार १ सय १२ मतदान केन्द्र निर्धारण भएका छन् ।

पूर्वप्रशासक देवकुमारी गुरागाईं सभ्य ढङ्गले प्रचार गर्नुपर्नेमा जोड दिन्छिन् ।

'लोकप्रिय हुने नाममा अहिले अपनाइएका प्रचारका शैली परिपक्वताको कमी देखिएको समाजले महसुस गरिरहेको छ', उनले भनिन्,'सरल, शान्त र कूटनीतिक शैलीबाट मतदाताको विश्वास जित्न सकिन्छ ।'

आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक)का महासचिव कृष्णमान प्रधान प्रचार र शैली मतदातालाई स्वच्छ मतदानका लागि नभई 'अल्मल्याउने' खालको भएको टिप्पणी गर्छन् ।

# भूमि आयोगमा ११ लाखको निवेदन

**काठमाडौं/मस-** राष्ट्रिय भूमि आयोगमा जग्गा पाउन निवेदन दर्ता गर्ने 'भूमिहीन दलित', 'भूमिहीन सुकुम्वासी', 'अव्यवस्थित बसोबासी' को संख्या ११ लाख पुगेको छ । जग्गा माग गर्नेमा भूमिहीन दलित र भूमिहीन सुकुम्वासी तीन लाख र अव्यवस्थित बसोबासी आठ लाख रहेका आयोगले जनाएको छ ।




आयोगका विज्ञ सदस्य टेकबहादुर शाहले एकद्वार प्रणालीबाट लगत संकलनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको जानकारी दिए ।

आयोग मातहतका जिल्ला समिति, सम्बन्धित पालिका तथा वडा तहसँग समन्वय गरी सबैको प्रमाणीकरण गरिने उनले बताए । भूमिहीन सुकुम्वासीको व्यवस्थापन राज्यको दायित्व भएकाले लगत संकलन थालिएको उनको भनाइ छ ।

भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको सिफारिस गर्ने क्रममा स्थानीय तहले राम्रोसँग अध्ययन तथा मापदण्डको प्रक्रिया पूरा गरेपछि मालपोत कार्यालयमा जमिन भए/नभएको लगत परीक्षण गरिने विज्ञ सदस्य शाह उल्लेख गरे । यी प्रक्रिया पूरा गरेका भूमिहीन सुकुम्बासीलाई आयोग मातहतका जिल्ला समितिले लालपूर्जाका लागि भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालयलमा सिफारिस गर्ने उनले जानकारी दिए ।

निवेदन दर्ता गरेका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी परिवारको प्रमाणीकरणका लागि आयोगले स्थानीय तहसँग समन्वय गरी काम गरिरहेको जनाएको छ ।

'उनीहरूलाई व्यवस्थापन गर्दा जंगल तथा सार्वजनिकस्थल, सांस्कृतिक सम्पदालगायत अतिक्रमण गरी बनाइएका बस्ती दिइने छैन । भूमिहीन सुकुम्बासी भन्नाले देशभर कहीँकतै जमिन नभएका परिवार तथा परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र निजप्रति आश्रित परिवारका सदस्यलाई बुझिन्छ', विज्ञ सदस्य शाहले भने ।

'अव्यवस्थित बसोबासी' भन्नाले देशको कुनै स्थानमा जमिन भएर पनि अन्यत्र कतै दशकौंदेखि आवादी गरी बसेका, जग्गा जमिन उनीहरूको नाममा दर्ता नभएका परिवारलाई परिभाषित गरिएको छ ।

अर्थात् कम्तीमा १० वर्षदेखि आवाद कमोत गरी घरटहरा बनाई बसोबास गरेका व्यक्ति र निजप्रति आश्रित परिवारका सदस्य उक्त वर्गमा पर्ने विज्ञ सदस्य शाहले जानकारी दिए । उनीहरूलाई तोकेको राजस्व लिएर पुर्जा वितरण गरिन्छ ।

'भूमिहीन दलित' राष्ट्रिय दलित आयोगद्वारा दलित भनी सूचीकृत समुदायका भूमिहीन सुकुम्बासीलाई मानिएको छ । सुकुम्बासी व्यवस्थापनका क्रममा 'भूमिहीन दलित'लाई प्राथमिकता राखिने आयोगले जनाएको छ । आयोगले काम सम्पन्न गर्दासम्म कूल संख्या बढ्ने अनुमान गरिएको छ ।

# धौलागिरि आइसफल जोड्ने पदमार्ग निर्माण

**म्याग्दी/मस-** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवादेखि धौलागिरि आइसफल जोड्ने पदमार्ग निर्माण थालिएको छ । अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा बिनियोजन गरेको १० लाख बजेटबाट उपभोक्ता समितिमार्फत पदमार्ग निर्माण थालिएको हो । उपभोक्ता समितिका अध्यक्ष विकास पुनले फागुन पहिलो सातासम्म गरेकदेखि गुन्थली भिर, देउराली डाडा, ठूलोखानी, भित्रे वन, ठुलो घैरा भऱ्याङ हुँदै भिरखर्कसम्म पदमार्ग निर्माण भइसकेको जानकारी दिए ।

प्राविधिक नक्साअनुसार तीन किलोमिटर पदमार्ग निर्माण सकिएको र थप एक किलोमिटर निर्माणाधिन रहेको उनले बताए । दोवाका करिब २० जना स्थानीयबासी पदमार्ग निर्माणका लागि जंगलमै बास बसेर काम गरिरहेका छन् । वस्तिदेखि टाढा रहेको ठाउँमा घरबाट जान, आउन टाढा हुने भएकाले निर्माणस्थलमै त्रिपालको गोठ बनाएर बास बसेका हुन् । चालु आर्थिक वर्षको बजेटबाट खोलाखर्कसम्म पदमार्गले जोडिने उपभोक्ता समितिले जनाएको छ ।

## रौतहटमा...

भएको हो । यसले गौरको वडा नम्बर ४, ५ र ६ को शान्ति सुरक्षामा खलल पुग्ने गतिविधि भएको हो । स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाई फायर र अश्रुग्यासका सेलहरू प्रहार गर्नुपऱ्यो ।

झडपका क्रममा प्रदर्शनकारीहरूले केही सवारी साधनमा आगजनी सँगै व्यक्तिका तोडफोड समेत गरेका थिए । उक्त घटनामा संलग्न रहेको आरोपमा शेख जमशेदसहित २२ जनालाई नियन्त्रणमा लिएको रौतहट जिल्ला प्रहरी प्रमुख रविन कार्कीले जानकारी दिए ।

जनमत पार्टीका जिल्ला संयोजक समेत रहेका जमशेद वडा नम्बर ६ का पूर्वअध्यक्ष समेत हुन् । घटनामा दर्जनबढी व्यक्तिहरू घाइते भएका थिए । यो घटनाका कारण थप हिंसा फैलनेसक्ने भन्दै जिल्ला प्रशासनले कर्फ्यू आदेश जारी गरेको छ । बिहीबार साँझ मस्जिदको बाटो हुँदै जन्तीको गाडी गएपछि भएको विवादले हिंसात्मक रुप लिएको थियो ।

त्यही विषयमा शुक्रबार दिनभरको झडपपछि प्रशासनले दुवै पक्षबीच ६ बुँदे सहमति समेत गराएको थियो । तर शनिबार सहमति उल्लंघट गर्दै झडप भएको प्रहरीले जानएको छ । उक्त घटनामा संलग्न २२ जानलाई नियन्त्रणमा लिएर थप अनुसन्धानकालागि हिराशतमा राखिएको जिल्ला प्रहरी प्रमुख रविन कार्कीले बताए । उनले भने, 'अहिले अवस्था सामान्य छ । घटनामा संलग्न देखिएको २२ जानलाई पक्राउ गरी थप अनुसन्धान जगर्दै छौं । स्थितिलाई सामान्वीकरण गर्न दिउसोदेखि कर्फ्यू जारी छ ।'

गौर नगरपालिका-४ मचकुटिया टोलसहित वरपरका स्थानमा प्रदर्शनकारीहरूले ६ वटा मोटरसाइकल र २ जिपमा आगजनी गरेका थिए । सेना परिचालनपछि गौरको मुख्य सडक शान्त देखिएपनि भित्री भागहरूको अवस्था राती अबेरसम्म तनावग्रस्त रहेको थियो । प्रशासनको सूचना अनुसार, पूर्वतर्फ मुडबलवा गेट, पश्चिमतर्फ लालबकैया बाँध, उत्तरतर्फ बम नहर, दक्षिणतर्फ गौर भन्सार कार्यालयमा कर्फ्यू जारी गरिएको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भूसालले बताएका छन् । यद्यपि यसलाई विस्तारै सामान्य अवस्थामा ल्याउने प्रयास भएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ । शनिबार दिउसो १ बजेबाटै जिल्ला प्रशासन कार्यालयबाट कर्फ्यू लगाएर नेपाली सेना परिचालन गर्दा समेत लामो समयसम्म आगजनीका घटना भइरहे । प्रहरी प्रशासनलाई तनाव व्यवस्थापन गर्न निकै गाह्रो भएको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाई फायर र अश्रुग्यासका सेलहरू प्रहार गरेको थियो ।

शनिबार नै सुनसरीको भोक्राहा नरसिङ गाउपालिका ४ मा नेपाली कांग्रेसको चुनावी कार्यक्रममा प्रहरीद्वारा लाठीचार्ज भएको छ । कांग्रेसका उम्मेदवार ज्ञानेन्द्र कार्की आफ्नो चुनावी सभालाई सम्बोधन गर्न जानेक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का युवाहरूसँग जम्काभेटपछि विवाद हुँदा हात हालाहालको अवस्था आएको थियो । हुललाई तितरवितर बनाउन प्रहरीले लाठीजार्च गरेर स्थिति सामान्य अवस्थामा लिएको जनाएको छ । बिहीबार दाङमा रास्वपाका कार्यकर्ताले एमालेको भण्डा जलाएको विषयमा शुक्रबार एमाले समर्थित युवाहरूले राँकेजुलुस गर्दै दाङस्थित रास्वपाको कार्यालय समेत ताडफोड गरेका थिए । सो घटनामा ३ जान व्यक्तिहरू पक्राउ परेको प्रहरीले जनाएको छ ।

यीनै घटनाका सन्दर्भमा शनिबार गृह मन्त्रालयमा केन्द्रीय सुरक्षा समितिको बैठक बस्यो । पछिल्लो समय रौतहट, सुनसरी दाङ लगायत विभिन्न जिल्लामा भइरहेका धार्मिक तथा राजनीतिक घटनासँग केन्द्रित रहेर बसेको बैठकले निर्वाचन क्षेत्रहरुमा तीनै तहका सुरक्षा संयन्त्रको समन्वयमा काम गर्न निर्देशन दिएको गृहमन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए । समितिका अध्यक्ष एवं गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकले चुनावी सुरक्षा तयारीको समीक्षा, शनिबार भएको रौतहट घटनाका बारेमा छलफल र निर्वाचन आचारसहित लगायतका विषयमा निर्णय गरिएको काफ्लेले बताए ।

'सुरक्षा समितिको बैठकले संवेनदशील निर्वाच क्षेत्रमा चारवटै सुरक्षा अंगका उच्च तहका कर्मचारी खटाएर सुरक्षाको प्रवन्ध गर्ने निर्णय गरेको छ', उनले मध्यान्हसँग भने, 'रौतहटको घटनाको सन्दर्भमा सबैलाई संयमता अपनाउन आब्हान गर्ने, जिल्ला सुरक्षा समितिमार्फत उचित सुरक्षा समन्वय गरी आवश्यक जनशक्ति बढाउने र घटनामा संलग्नलाई कारवाही गर्न निर्देशन दिने निर्णय गरेको छ ।' त्यस्तै मधेश प्रदेशका संवेदलनशील क्षेत्रहरूमा सुरक्षा अवस्थाको सुक्ष्म विश्लेषण गरी आवश्यक रिपोटिंग गर्न समितिले सम्बन्धीत सबै सुरक्षा निकायलाई निर्देशन गरेको छ । 'तराईका निर्वाचन क्षत्रको सुरक्षा चानौतिका सम्बन्धमा सुरक्ष्म अध्यायान गर्न नेपाल प्रहरीका एआईजी उपमाप्रसाद चर्तुवेदीको नेतृत्वमा सुरक्षा संयन्त्रलाई परिचालन गर्ने निर्णय गरेको छ', गृहप्रवक्ता काफ्लेले भने ।

बैठकले निर्वाचन प्रचार प्रसारको क्रममा दलहरूबाट हुने आचारसंहिता उल्लंघनका घटनालाई नियन्त्रणमा लिने समेत निर्णय लिएको छ । विशेषगरी मधेश-तराईमा देखिएको जातीय, धार्मिक, र निर्वाचनसँग सम्बन्धित सुरक्षा चुनौतिका विषयमा छलफल केन्द्रित भएको थियो ।

## संयमित...

'चुनावको समयमा सबै पक्ष संयमित भएर निर्वाचनलाई सफल बनाउनु सबै लोकतन्त्रबादीहरूको दायित्व हो । यसमा सरकारको मुख्य जिम्मेवारी रहन्छ भने राजनीतिक दल र उम्मेदवारसहित सम्बन्धित निकाय त्यत्तिकै जिम्मेवार हुनु जरूरी छ ।'

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने पछिल्ला घटनाक्रमलाई लिएर रास्वपाको आलोचना गरेको छ । रास्वपा हुलहुज्जत र अमर्यादित व्यवहारमा उत्रिएको आरोप लगाएको छ ।

चुनावी क्षेत्र झपामा रहेका ओलीले पत्रकारहरूसँग भने, 'आफ्नो पक्षमा नतिजा आउँछ भने चुनाव हुन दिने, तर आफ्नो पक्षमा नतिजा आउँदैन भने चुनावै हुन नदिने खालको प्रवृत्ति उहाँहरूमा देखियो', उनले भनेका छन् ।

ओलीले रास्वपाको होहल्ला गर्ने र बलमिच्याइँ गर्ने काम गरिरहेको तीव्र आलोचना गर्दै रास्वपाले चुनावमा दोहोरो चरित्र देखाएको टिप्पणी गरेका छन् ।

शनिबार रौतहटमा भएको घटनालाई लिएर नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार समेत रहेका नेता माधवकुमार नेपालले सबै समुदायबीच आपसी सदभाव कायम गर्दै संवादबाट समस्या समाधान खोजिनु पर्ने बताए ।

त्यस्तै आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं रौतहट क्षेत्र नं. ३ का उम्मेदवार प्रभु साहले गौर नगरपालिकामा देखिएको सामुदायिक तनावप्रति चिन्ता व्यक्त गर्दै सामाजिक सदभाव कायम राख्न सबैमा अपिल गरेका छन् ।

'हामी हिन्दु, मुस्लिम बर्षौदेखी एउटै समाजमा मिलेर बस्दै आएका छौं । रौतहट सर्वकल्याणको भूमि हो, सबैको सहअस्तित्व स्वीकार्दै मिलेर अगाडी बढनुको विकल्प छैन,' साहले भनेका छन् ।

## चुनावका...

थिए । उनीहरुले दायर गरेको रिटमा लिखित जवाफ मागेर अदालतले प्रक्रिया अगाडि थियो । सबै रिटमा विपक्षी बनाइएकाहरुबाट लिखित जवाफ पेश भएको छ । त्यसपछि विपक्षी बनाइएकाहरुबाट लिखित जवाफ पेश भएपछि सर्वोच्च अदालतले साधरण तारेख दिएको हो । प्रारम्भिक सुनुवाइ मात्र गरेको अदालतले थप सुनुवाइ कहिले गर्ने तय गरेको छैन ।

मतदानको दिन आउन केही दिन बाँकी छ । राजनीतिक दलहरू चुनावी प्रचारप्रसारमा रहेका छन् । यो बेला समेत आशंका कतिपयले गरिरहेका बेला सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्धको रिटको साधारण तारेख फागुन २२ गतेलाई तोकेको हो ।

गत १३ र १४ पुसमा दलहरूले समानुपातिकतर्फ उम्मेदवारी दर्ता गरेका थिए । गत ६ माघमा प्रत्यक्षतर्फ उम्मेदवारले दर्ता गरेका थिए । यही फागुन ४ गतेदेखि चुनावी प्रचारप्रसारको समय सुरु भएको हो । निर्वाचन आयोगका अनुसार यही फागुन १८ गतेसम्म प्रचारप्रसारको समय छ । त्यसपछि मौन अवधि सुरु हुनेछ । फागुन २१ गते बिहान ७ बजेदेखि नै मतदानको समय तय भएको छ ।

## दलहरुले...

शुक्रबारसम्म सात राजनीतिक दल र ८६७ उम्मेदवारले बैंक खाता खोलेर त्यसको जानकारी निर्वाचन आयोगलाई गराएका हुन् ।

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरुले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्चको सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि प्रतिनिधि सभा बैंक खाता खोल्न भनिएको छ ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २३ बमोजिम जारी निर्वाचन आचारसंहिताको दफा १६ मा उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा छुट्टै खाता खोल्नुपर्ने व्यवस्था छ । निवाचनसँग सम्बन्धित कारोबार गर्दा सोही खातामार्फत गर्नुपर्ने प्रावधान छ ।

ऐन अनुसार निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८२ जारी भएको छ । यो कार्यविधि निर्वाचन आयोगबाट स्वीकृत भई कार्यान्वयनमा आएपछि दल र उम्मेदवारले छुट्टै बैंक खाता खोल्न थालेका हुन् ।

स्वीकृत कार्यविधि अनुसार निर्वाचनमा भाग लिएका सबै राजनीतिक दल, दलका उम्मेदवारहरु र स्वतन्त्र उम्मेदवार हरुले निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिई गर्ने आम्दानी र खर्च कारोबार सोही खातामार्फत गर्नुपर्ने हुन्छ ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलका अनुसार सबैभन्दा बढी राष्ट्रिय वाणिज्य बैंकमा दुई जना उम्मेदवारले बैंक खाता खोलेका छन् । केहीले ग्लोबल आइएमई बैंकमा खाता खोलेका छन् । बाँकीले प्रभु बैंक, नेपाल बैंकमा खाता खोलेका छन् ।

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले खर्च गर्न पाउने सीमा तोकिएको छ । सुगम मानिएका जिल्लाका हकमा र दुर्गम मानिएका जिल्लाका हकमा फरक-फरक खर्च सीमा निर्धारण गरिएको छ ।

आयोगका अनुसार काठमाडौंका पाँच वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २५ लाख खर्च गर्न पाउनेछन् । त्यसमा काठमाडौं क्षेत्र नम्बर १, ३, ६, ७ र ८ छन् ।

खर्चको सीमाअनुसार देशभरका १७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २७ लाख बराबरको खर्च गर्न पाउनेछन् । ६५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २९ लाख खर्च गर्न पाउँछन् ।

आयोगका अनुसार ५२ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३१ लाख, २६ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३३ लाख खर्च गर्न पाउँछन् ।

उम्मेदवारले तोकेको खर्चको हदभित्र रहेर निर्वाचन खर्च गर्न र प्रतिनिधिसभा सदस्य ऐनबमोजिम निर्वाचन खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको ३५ दिनभित्र सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने हुन्छ ।

यो चुनावी खर्चको सीमाको आधार मा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम रहेको मतदाता संख्या छ । सम्बन्धित निर्वाचन क्षेत्रमा कायम रहेको मतदान केन्द्र अर्को आधार हो । सम्बन्धित निर्वाचन क्षेत्रको क्षेत्रफल (आकार)ले २० प्रतिशत प्रतिनिधित्व गर्छ ।

समानुपातिक तर्फको निर्वाचनको हकमा केही फरक छ । सम्बन्धित दलले कति जना उम्मेदवार समानुपातिक तर्फको बन्दसूचीमा कायम राखेका छन् । त्यस बमोजिम हरेक उम्मेदवार बराबर दुई लाख खर्च गर्न पाउने गरी खर्चको सीमा तोकिएको छ ।

## जापान...

मन्त्रालयअन्तर्गत रहेको छ । मेलामा नेपालका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्लेले नेतृत्व गरेको प्रतिनिधिमण्डल पनि सहभागी हुनेछ । मेलामा संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्ने छन् । विदेशी नागरिकहरूको रोजगारीका लागि जापान संघ मुख्य आयोजक रहेको रोजगार मेलाको नेपाली राजदूतावास टोकियो सहआयोजक रहेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, जापानको आप्रवासन सेवा एजेन्सी, जापान अन्तर्राष्ट्रिय प्रशिक्षार्थी र दक्ष कामदार सहयोग संगठन, जापान आप्रवासन संघ प्रायोजक रहेका छन् । आप्रवासन सेवा एजेन्सी, जापान अन्तर्राष्ट्रिय प्रशिक्षार्थी र दक्ष कामदार सहयोग संगठन र जापान आप्रवासन संघ प्रायोजक रहेका छन् ।

आप्रवासी कामदारहरूका लागि जापान प्लेटफर्म र अन्तरर्राष्ट्रिय व्यक्ति विनिमय समर्थन संघलगायतका संस्था मेलाका साझेदार रहेका छन् ।

नेपाल र जापानबीच १ सेप्टेम्बर १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । कूटनीतिक सम्बन्ध स्थापनापछि नेपालले १९६५ मा टोकियोमा र जापानले १९६७ मा काठमाडौंमा आफ्नो दूतावास स्थापना गरेका थिए ।

नेपाल र जापानबीचको कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठ गत माघ तेस्रो हप्ता टोकियोमा मनाइएको थियो । सो अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलको जापान भ्रमणले नेपाल-जापान सम्बन्धलाई थप सुदृढ बनाएकौ पृष्ठभूमिमा आयोजना गर्न लागिएकाले रोजगार मेला दक्ष नेपाली युवायुवतीका लागि आगामी एक दशकसम्मका लागि लाभदायक हुने भएकाले सम्मेलन महत्वपूर्ण हुने अपेक्षा गरिएको पूर्वअध्यक्ष तथा सहसंयोजक कटुवालले टोकियोबाट मध्यान्ह दैनिकसँगको कुराकानीमा बताए ।

पूर्वअध्यक्ष कटुवालले हाल जापानले १९ वटा क्षेत्रमा दक्ष विदेशी कामदार लैजाने गरेको, तर नेपालमा ८ वटा क्षेत्रमा जाने कामदारको मात्रै सीप परीक्षा हुने र बाँकी क्षेत्रको रोजगारीमा जान जापान, फिलिपिन्स, भियतनाम गएर परीक्षा दिनुपर्ने बाध्यता रहँदा आर्थिक तथा समय दुवै हिसाबले अव्यवहारिक भएकाले बाँकी ११ क्षेत्रको परीक्षा पनि नेपालमा नै हुने व्यवस्था गर्न जरुरी रहेको बताए । अन्य विषय रोजगारदाता र व्यवसायीबीचको सहकार्यमा हुनसक्ने भएपनि ११ क्षेत्रको जाँच नेपालबाट दिन पाउने विषय सरकारी तहबाट उच्च महत्वका पहल गरे मात्रै सफल हुने भएकाले सम्मेलनका तर्फबाट नेपाल सरकारका प्रतिनिधिले जापानी पक्षसँग उक्त विषय गम्भीरताका साथ राख्न जरुरी रहेको बताए ।

संघका प्रथम उपाध्यक्ष सुजित कुमार श्रेष्ठले सम्मेलनले रोजगारी, मानव संशाधन विकास र नैतिक कार्यबल गतिशीलताको क्षेत्रमा जापान र नेपालबीचको द्विपक्षीय सहयोगलाई अझ सुदृढ पार्ने लक्ष्य राखेको बताए । उनले रोजगारदाता र नेपाली एजेन्सीबीच ज्ञान, कामदार भर्ना छनोट, सीप तथा भाषा सम्बन्धका उत्कृष्ट अभ्यास र अनुभव आदानप्रदान गरी भविष्यको सहकार्य अन्वेषण गर्न दुवै देशका सरकारी निकायहरू, रोजगार एजेन्सीहरू, रोजगारदाताहरू र अन्य सम्बन्धित सरोकारवालाहरूका प्रतिनिधिहरूलाई एकसाथ ल्याउने अपेक्षा गरिएको बताए ।

हाल जापानमा नर्सिङ हेरचाह, भवन सफाइ व्यवस्थापन, मेसिन पार्ट्स र टुलिङ, औद्योगिक मेसिनरी, इलेक्ट्रिक/इलेक्ट्रोनिक/सूचना, निर्माण, जहाज निर्माण/जहाज मेसिनरी, अटोमोबाइल मर्मतसम्भार, उड्डयन, आवास, कृषि, मत्स्यपालन, खाद्य/पेय पदार्थ उत्पादन, खाद्य सेवा, वन र काठ उद्योगमा विदेशी कामदारको अभाव छ ।

विदेशी कामदारको अभाव पूर्ति गर्न जापानले २०१९ अप्रिलदेखि निर्दिष्ट सीपयुक्त कामदार (एसएसडब्लु) भिसाअन्तर्गत विदेशी कामदार लैजान थालेको छ । एसएसडब्लु भिसाको सबैभन्दा ठुलो आकर्षण भनेको तलब समानता हो । जापानले 'समान काम, समान तलब' नीति लागू गरेको एसएसडब्लु प्रणालीअन्तर्गत जाने नेपाली कामदारको मासिक तलब १ लाख ५० हजारदेखि २ लाख ५० हजार बराबर हुन्छ । ओभरटाइम तलब, रात्रि सिफ्ट भत्ता र बोनस पनि पाउने भएकाले न्यून तलबमा जोखिमयुक्त काम गर्न खाडी, मलेसिया जान बाध्य नेपाली कामदारहरूलाई जापानको रोजगारी धेरै गुणा आकर्षक मानिएको छ ।

सम्मेलनमा सहभागीको तयारीमा रहेकी फ्युचर इम्प्लाइमेन्ट सर्भिसेज प्रा.लि.की सञ्चालिका सुष्मा खत्रीले रोजगार सम्मेलनले जापानको रोजगारीमा लामो समयदेखि रहेको प्रतिकूलता हटाउने तरिकाले तयारी भएकाले आफूहरू उत्साहित रहेको बताइन् । उनले नेपाली व्यवसायी सहभागी हुने सम्मेलनमा जापानका मुख्य रोजगारदाताहरूको संगठन, जापानका सरकारी अधिकारी सक्रिय रूपमा सहभागी हुने निश्चित भएकाले मेलाको थप महत्व बढेको बताइन् ।

उनले जापानमा नेपाली कामदारका लागि अवसर भएपनि दक्षिणपूर्वी अन्य एसियाली मुलुकका कामदारको तुलनामा नेपाली कामदार भाषा तथा सीपका दृष्टिकोणले पछाडि रहेकाले यसमा सुधार गरे खाडी तथा मलेसिया जानुपर्ने हालको बाध्यता अन्त्य हुने र नेपालीले खाडी तथा मलेसियामा १० वर्षमा गर्ने कमाइ जापानमा तीन वर्षमा गर्नसक्ने बताइन् । जापानमा अवसर रहेपनि सबै नेपाली युवायुवती जान नसक्ने भन्दै उनले भाषा सीप, क्षमता बढाउन नेपालले धेरै काम गर्नुपर्नेमा जोड दिइन् ।

जापानमा हाल २३ लाख विदेशी कामदारहरू छन् । विशेषगरी जापानमा कम्बोडिया, थाइल्यान्ड र भियतनाम जस्ता देशहरूबाट ठुलो संख्यामा कामदार आएका छन् ।

# निष्पक्ष र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन प्रधानमन्त्री कार्कीको निर्देशन

**लुम्बिनी/मस–** प्रधानमन्त्री सुशीला कार्कीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नेगरी तयारीका साथ काम गर्न निर्देशन दिएकी छन्।

निर्वाचन तयारी सन्दर्भमा शनिबार लुम्बिनी प्रदेशको अवस्थाका बारेमा जानकारी लिन आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नु सबैको जिम्मेवारी भएकाले यसमा सबै जिम्मेवार बन्न निर्देशन दिनुभएको बैठक पछि लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी गराइन्।

प्रधानमन्त्री कार्कीसहित शनिबार बिहान मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलमा आयोजित प्रदेशस्तरीय एकीकृत सुरक्षा बैठकमा समग्र प्रदेशको निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे जानकारी लिनुभएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिए। जिल्लास्थित सुरक्षा समितिले जिल्लाको चुनौतीका अवस्था पहिचान गरेर त्यसैअनुरुपको सुरक्षा रणनीति बनाएर अघि बढ्न प्रधानमन्त्रीबाट निर्देशन भएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिए।



जिल्लागत रुपमा मतदानस्थललाई चुनौती पहिचान गरी तिनलाई वर्गीकरण गरेर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसहितको एकीकृत सुरक्षा योजनाअनुरुप अघि बढ्न निर्देशन दिएका प्रमुख सचिव काप्रीले बताए।

प्रदेशका १२ वटै जिल्लामा तयारी, प्रदेशमा गठन भएको निर्वाचन कमाण्ड सेलसँग संवाद गरेर निर्वाचन निष्पक्ष र शान्ति पूर्ण रुपमा सम्पन्न गर्न १२ वटै जिल्लामा जिल्ला सुरक्षा समितिले योजना बनाएका विषयमा प्रधानमन्त्रीसमक्ष जानकारी गराइएको प्रमुख सचिव काप्रीले जानकारी गराए।

बैठकमा नेपाली सेनाका पृतनापति हिम्मतबहादुर विष्ट, नेपाल प्रहरीका प्रदेश प्रमुख, प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्री, सशस्त्र प्रहरी बलका अतिरिक्त प्रहरी महानिरीक्षकलगायत बैठकमा सहभागि विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीले जानकारी गराएका थिए।

यस्तै प्रदेश सरकारका प्रमुख सचिव काप्रीले समग्र प्रदेशको तयारीका अवस्थामा जानकारी गराइएको बताए।

जिल्लागत रुपमा अतिसंवेदनशील, संवेदनशील र सामान्य निर्वाचन मतदान केन्द्र पहिचान गरेर आवश्यक तयारी गरिएको जानकारी गराए। जिल्लास्थित सरकारी निकायले त्यस्ता चुनौती पहिचान गरेर समाधानका लागि आवश्यक संवाद र छलफल गरेर काम गर्ने विषयमा जानकारी गराइएको थियो।

प्रधानमन्त्रीको निर्देशनबाट निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न थप हौसला मिलेको र प्रतिबद्धताका साथ निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रुपमा सम्पन्न लाग्ने प्रमुख सचिव काप्रीले बताए।

एकीकृत सुरक्षा योजनाअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागबाट संकलित सूचना गरेर आवश्यक रणनीति तय गरिने विषयमा बैठकमा छलफल भएको जानकारी दिए।

प्रदेश सरकारले पनि यो निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्ने जिम्मेवारी रहेकाले प्रदेश सरकारका जिल्लास्थित निकायहरु, स्थानीय तहबाट सहयोग लिएर निर्वाचन तयारीको काम भइरहेको जानकारी गराए।

प्रदेशका १२ जिल्लाका २६ निर्वाचन क्षेत्रमध्ये प्रमुख रुपमा तराईका जिल्लामा खुला सीमाना प्रमुख साझा चुनौतीका रुपमा रहेका विषयमा छलफल भएको बताए।

यस प्रदेशमा पश्चिम नवलपरासीदेखि बर्दियासम्ममा ४ सय १४ किलोमिटर खुला सिमाना छ। प्रदेशमा एउटा हिमाली जिल्ला रुकुमपूर्व सञ्चारमा सूचना सङ्कलन, पहुँचजस्ता विषय, जनसांख्यिक विविधताका हिसाबले धार्मिक, जातीय र भौगोलिकताजस्ता विषयमा समस्या आउनसक्ने सम्भावना लाई पहिचान गरेर तयारी गरिने बताए। प्रधानमन्त्रीसमक्ष यस्ता विषयमा विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले जानकारी गराएका थिए।

# मनाङका केही मतदान केन्द्रको अनुगमनमा समस्या

**मनाङ/मस–** प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गए पनि मनाङका केही मतदान केन्द्रको अनुगमन हुन सकेको छैन।

यहाँ फरक समयमा हिमपात भएकाले मतदान केन्द्रको अनुगमन गर्न केही समस्या भएको हो। प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले विशेष गरी हिमपातका कारण नार्पाभूमि गाउँपालिकामा रहेका मतदान केन्द्रको अनुगमनमा समस्या भएको जानकारी दिए।

उनले भने, 'भौगोलिक अवस्था र चिसोका कारण अनुगमन प्रभावित भएको छ। समस्याका बीच मनाङ ङिस्याङ गाउँपालिकाका नौवटै मतदान केन्द्रको अनुगमन गरिएको छ। चामे र नासोँ गाउँपालिकाकामा रहेका मतदान केन्द्रको यसअघि नै अनुगमन भए पनि नार्पाभूमिका केन्द्रमा पुग्न सकिएको छैन।'

मनाङ सदरमुकाम चामेबाट नार्पाभूमिका मतदान केन्द्र पुग्न हिँडेर दुई दिन लाग्छ। नार्पाभूमि गाउँपालिकाका वडा नं १ देखि ३ सम्म नार क्षेत्रमा तीन, वडा नं ४ र ५ को फू क्षेत्रमा दुई गरी पाँच वटा मतदान केन्द्र छन्।



यहाँ आउजाउ गर्न समस्या भएपछि अस्थायी रूपमा मतदान केन्द्र सदरमुकाम सार्ने विषयमा पनि स्थानीय पालिकासँग छलफल भइरहेको प्रमुख जिल्ला अधिकारी पौड्यालले बताए।

नार्पाभूमि गाउँपालिकामा ४ सय ८८ मतदाता रहेका छन्। जिल्ला निर्वाचन अधिकारी जीवन कुँवरले पाँच वटै वडामा मतदान केन्द्र कायम गरिएका र मौसम अनुकूल नभएमा के गर्ने भन्ने विषयामा छलफल भइरहेको बताए।

जिल्लामा तीन हजार ६ सय २३ महिला र तीन हजार ३ सय ७७ पुरुष गरी सात हजार मतदाता रहेका छन्। २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा छ हजार ७ सय ७९ मतदाता रहेकामा यसपटक २ सय २१ मतदाता थपिएका हुन्।

एकमात्र निर्वाचन क्षेत्र रहेको मनाङमा प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसका टेकबहादुर गुरुङ, नेपाल कम्युनिष्ट पार्टीका यशोदा सुवेदी गुरुङ र मंगोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ प्रतिस्पर्धामा छन्।

# नागरिकका समस्या नियाल्दै शेखर

**काठमाडौं/मस–** आगामी प्रतिनिधिसभाको निर्वाचनमा मोरङ क्षेत्र नम्बर ६ मा उम्मेदवार हरेका नेपाली कांग्रेसका नेता डा.शेखर कोइराला विगत एक महिनादेखि मतदातामाझ छन्। चुनावी अभियानका क्रममा मतदतासँगै रहेका नेता कोइरालाले आफ्नो निर्वाचन क्षेत्रका समस्या केलाउने र समाधानका उपाय खोज्ने प्रतिवद्धता जनाएका छन्। नेता कोइरालाले विराटनगर चक्रपथ(रिङरोड)निर्माणदेखि सुकुम्बासीको दीर्घकालीन व्यवस्थापनका विषयलाई प्राथमिकतामा राखेका छन्। कोइरालाले विराटनगर चक्रपथ निर्माण नहुँदा शहरको विकासले अपेक्षित गति लिन नसकेको बताए। विराटनगर शहरको विकासका लागि चक्रपथ निर्माणलाई पहिलो प्राथमिकतामा राखेर उनले नागरिकलाई चुनावी एजेन्डाका बाडेका हुन्।

यसपटक आफू निर्वाचित भए चक्रपथ निर्माणलाई प्राथमिकतामा राखी आवश्यक बजेट जुटाउने



तथा समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे। 'चक्रपथ बनेको भए वडा नम्बर ६ र ४ को स्वरूप नै फरक हुन्थ्यो', उनले भने, 'यहाँको व्यापार, आवागमन र पूर्वाधार विकासमा ठूलो परिवर्तन आउँथ्यो, तर दुर्भाग्यवश काम अघि बढेन्। अब मैले तपाइहरूलाई चक्रपथ निर्माण गरेरै छाड्ने विश्वास दिलाउँछु।'

यो योजनाको ठेक्का लागिसके पनि ठेकेदार फरार हुँदा काम अलपत्र परेको उनको भनाई छ। निर्वाचनपछि उक्त सडक निर्माणलाई पुनः अघि बढाउन पहल गर्ने उनको दाबी छ। 'काम सुरू भएर पनि अधुरो रहनु दुःखद् हो। अब यस्तो ढिलाइ हुन दिइँदैन', उनले भने। त्यसका लागि कांग्रेसलाई विजयी गराउन उनले मतदातासँग आग्रह गरे।

त्यस्तै उनले सुकुम्बासीको दीर्घकालीन व्यवस्थापनका लागि आफूले ठोस पहल गर्ने प्रतिबद्धता जनाएका छन्। आफूले सुकुम्बासी आयोगका सदस्यसँग प्रारम्भिक छलफल गरिसकेको जानकारी दिँदै छिट्टै आयोगका प्रतिनिधि स्वयं बस्तीमै आएर स्थानीयका समस्या सुन्ने वातावरण विश्वास दिलाए। 'मैले तपाईंहरूको पीडा र समस्या नजिकबाट बुझेको छु। आयोगका सदस्यसँग कुरा भएको छ। उहाँ यहाँ आउनुहुन्छ, तपाईंहरूको समस्या सुन्नुहुन्छ र व्यवस्थापनको काम अघि बढ्छ', उनले भने।

सुकुम्बासीलाई कानूनी हैसियतसहित बसोबासको सुनिश्चितता दिन आवश्यक प्रक्रिया अघि बढाइने उनको दाबी छ। सुकुम्बासी बस्ती क्षेत्रमा अस्पताल स्थापना गर्ने तयारी भइरहेको समेत नेता कोइरालाले बताए। करिब दुई वर्षअघि नै सो क्षेत्रमा अस्पताल निर्माणका लागि जग्गा छुट्याइएको उल्लेख गर्दै कोइरालाले अब त्यसलाई कार्यान्वयनको चरणमा लैजानुपर्ने बताए। स्थानीय बासिन्दालाई आधारभूत स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउन अस्पताल अत्यन्त आवश्यक रहेको उनको भनाइ छ।

# नेपाल–पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको बैठक लिस्बनमा सम्पन्न

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ९ फागुन

नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्र 'बिसिएम'को पहिलो बैठक पोर्चुगलको राजधानी लिस्बनमा सम्पन्न भएको छ।

लिस्बनस्थित परराष्ट्र मन्त्रालयमा शुक्रबार सम्पन्न भएको बैठकमा द्विपक्षीय व्यापार, लगानी, पर्यटन, संस्कृति, शिक्षा तथा विज्ञान-प्रविधिको क्षेत्रमा सहयोग अभिवृद्धि र सहकार्य गर्ने सहमति भएको छ।

बैठकमा नेपाल-पोर्चुगल सम्बन्धका राजनीतिक, आर्थिक तथा कन्सुलर मामिलालगायत समग्र पक्षहरूको समीक्षा गरिएको थियो। दुवै पक्षले जलवायु परिवर्तन तथा साझा चासोका क्षेत्रीय तथा बहुपक्षीय मुद्दामा समेत विचार-विमर्श गरेका थिए। बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र सचिव अमृतबहादुर राईले गरेका थिए भने पोर्चुगलको तर्फबाट पोर्चुगलका विदेश मामिला तथा सहयोग सचिव डा.आना इसाबेल जेभियरले नेतृत्व गरेका थिए। नेपाली प्रतिनिधिमण्डलमा पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेल, परराष्ट्रका सहसचिव एवं युरोप महाशाखा प्रमुख गणेशप्रसाद ढकाल, उपसचिव उत्तम घिमिरेसहित दूतावासका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको थियो।



बैठकमा नेपाल-पोर्चुगलबीचको समग्र द्विपक्षीय सम्बन्धको समीक्षा गरिनुका साथै साझा चासो, आपसी हित, थप सहकार्य र सहयोग अभिवृद्धिबारे गहन विमर्श र छलफल भएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले जानकारी दिए। पोर्चुगलवासी नेपालीले भोगिरहेका कागजात प्रमाणीकरणसम्बन्धी समस्याको समाधानका लागि सहजीकरण गरिदिन पोर्चुगिज पक्षसँग विशेष आग्रह गरिएको उनले बताए।

'नेपालमा पोर्चुगलको दूतावास स्थापनाका लागि समेत आग्रह गरिएको छ। बैठकले दुई देशबीच नयाँ सम्भावनाको ढोका खुलेको छ', राजदूत पौडेलले भने।

त्यसअवसरमा परराष्ट्र सचिव राईले पोर्चुगलमा बसोबास गर्ने नेपाली समुदायप्रतिको सद्भावका लागि पोर्चुगल सरकारलाई धन्यवाद व्यक्त गरे। परराष्ट्र मामिला सचिव डा.जेभियरले पोर्चुगलको अर्थतन्त्रमा नेपाली समुदायले पुर्याएको योगदानको प्रशंसा गरे। बैठकपश्चात् डा.जेभियरले पोर्चुगल भ्रमणमा रहेका नेपाली प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गरेका थिए।

यस्तै, परराष्ट्र सचिव राईले पोर्चुगिज व्यापार तथा लगानी एजेन्सीमा नवीकरणीय ऊर्जा क्षेत्रसँग सम्बन्धित अधिकारीसँग अन्तरक्रिया गरेका थिए। परराष्ट्र सचिव राईले पोर्चुगिज व्यापार तथा लगानी एजेन्सीमा नवीकरणीय ऊर्जा क्षेत्रका सरोकारवालासँग अन्तरक्रिया गर्नुभएको थियो। उनले जलविद्युत उत्पादन, प्रसारण र वितरण लगायत ऊर्जाका क्षेत्रमा पोर्चुगिज लगानीकर्ताहरूका लागि नेपालमा लगानीका अवसर र सम्भावनाका लागि नेपालको लगानी बोर्डसँग छलफल गर्न सुझावसमेत दिए।

यसअघि परराष्ट्र सचिव राईले पोर्चुगलको परराष्ट्र मन्त्रालयका महासचिव फ्रान्सिस्को मारिया डि सौसा रिबेरो टेलेससँग शिष्टाचार भेटवार्ता गरेका थिए। उक्त भेटमा द्विपक्षीय कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको दूतावासले जनाएको छ।

भ्रमण सम्पन्न गरी परराष्ट्र सचिव राई नेतृत्वको प्रतिनिधिमण्डल आज स्वदेश फर्कने कार्यक्रम रहेको छ। नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको सन् २०१८ मा स्थापना भएको हो।

# १ सय २३ थान अवैध भरुवा बन्दुक बरामद

**बागलुङ/मस–** जिल्ला प्रहरी कार्यालय बागलुङले करिब दुई महिनाको अवधीमा १ सय २३ थान अवैध भरुवा बन्दक बरामद गरेको छ। प्रहरीले जिल्लाको विभिन्न स्थानमाबाट भरुवा बन्दु बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बसन्त पाण्डेका अनुसार जिल्लाका विभिन्न जङ्गल, रुखको टोड्का, खोल्सा, मानिस नबस्ने घर गोठलगायतका ठाउँमा लुकाइछिपाई राखिएको अवस्थामा बन्दुक बरामद गरेको हो। आसन्न प्रतिनिधिसभाको निर्वाचनमा अवैध हातहतियारको दुरुपयोग भई निर्वाचन तथा सार्वजानिक शान्ति सुरक्षामा खतरा उत्पन्न हुन सक्ने भन्दै हातहतियार खोजतलास अभियान चलाएको उहाँको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय बागलुङ तथा मातहत प्रहरी यूनिटबाट खटिएका विशेष अप्रेशन टोलीले स्थानीय नागरिकको सूचना तथा सहयोगमा इजाजतपत्र बिनाका भरुवा बन्दुक बरामद गरेको उहाँ बताउँछन्। शुक्रबार मात्रै काठेखोला गाउँपालिका-३ धम्जा सायकटेरास्थित जङ्गलमाबाट चार थान भरुवा बन्दु बरामद गरेको प्रहरी नाययव उपरीक्षक पाण्डे बताउँछन्।

उनले भने, 'निर्वाचनलाई लक्षित गरी हातहतियार खोजी र बरामद अभियाननै चलाएका छौं, छोटो सयमै धेरै हातहतियार बरामद गर्न सफल भयौं, अझै पनि हाम्रो अभियान जारी रहेको छ।'

# सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा मतपत्रसहित निर्वाचन सामग्री ढुवानी



**काठमाडौं/मस–** निर्वाचन आयोगले देशभरका सबै निर्वाचन क्षेत्रमा मतपत्रसहित अन्य निर्वाचन सामग्री ढुवानी गर्ने कामलाई तीव्र पारेको छ। हालसम्म सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा आयोगले मतपत्र ढुवानी गरिसकेको छ।

अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री ढुवानीको काम गरिरहेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ यसअघि नै सम्पन्न भइसकेको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७७ जिल्लाका १ सय ६५ निर्वाचन क्षेत्रका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ तथा प्याकिङ गरेर निर्वाचन क्षेत्रमा पठाइएको छ।

आयोगले गत माघ २९ गतेदेखि कर्णाली प्रदेशबाट मतपत्र ढुवानी सुरु गरेको थियो। त्यसपछि आयोगले सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा नियमित रूपमा मतपत्र ढुवानी गरेको थियो।

यस्तै, वाग्मती सहित र अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री नियमित रूपमा ढुवानी गरिरहेको छ। आयोगले अन्य प्रदेशमा ढुवानीकार्य जारी रहेको जानकारी दिँदै राजधानी काठमाडौंभित्रका मतदान केन्द्रमा पनि केही दिनमा पुऱ्याइने जनाएको छ।

आयोगले मतपत्र बाहेकका अन्य निर्वाचन सामग्री ढुवानी सम्पन्न भइसकेको उल्लेख गरेको छ। मतपत्र छपाइतर्फ आयोगले तोकेको क्यालेण्डर अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा गत पुस २२ गतेबाट मतदाता शिक्षा प्रयोजनका लागि छपाइ सुरु भएको थियो। आयोगले १० लाख ९८ हजार २ सय नमूना मतपत्र छपाइ गरेको थियो।

यस्तै, गत पुस २६ गतेबाट समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी गत माघ १३ गतेसम्म सम्पन्न गरेको छ। समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार समानुपातिक मतपत्र छपाइ गरेको थियो।

# राधा क्यान्सर सचेतना पुरस्कार ढुंगेललाई

**काठमाडौं/मस–** राधा क्यान्सर सचेतना फाउन्डेसनले स्थापना गरेको 'राधा क्यान्सर सचेतना तथा हिंसाविरुद्धको राष्ट्रिय पत्रकारिता पुरस्कार' यसवर्ष गोरखापत्रकर्मी सरोज ढुंगेललाई प्रदान गरिएको छ।

नवलपुरको कावासोती नगरपालिका-२ मा शनिबार आयोजित विशेष कार्यक्रममा उनलाई नगद २० हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाअन्तर्गत बाल स्वास्य तथा खोप शाखाका प्रमुख डा.अभियान गौतमले पुरस्कार वितरण गर्दै पछिल्लो समय नेपाल मात्र नभइ विश्वमै क्यान्सरजस्ता नसर्ने रोग भयावह बन्दै गएको बताए।

उनले नसर्ने रोगका कारण मृत्यु दर बढ्दो क्रममा रहेको उल्लेख गर्दै दैनिक करिब १० जनाको मृत्यु हुने गरेको जानकारी दिए। समयमै पहिचान गरी उपचार गर्न सके क्यान्सर पूर्ण रूपमा निको हुन सक्ने भएकाले प्रारम्भिक जाँच र सचेतनामा जोड दिनुपर्ने उनको भनाइ थियो।

पुरस्कार ग्रहण गर्दै पत्रकार ढुंगेलले उक्त सम्मानले स्वास्थ्य क्षेत्र, विशेषगरी क्यान्सरजस्ता नसर्ने रोगका विषयमा कलम चलाउन थप प्रेरणा



मिलेको बताए। कार्यक्रममा संस्थाका अध्यक्ष प्रकाश बस्यालले महिलाहिंसा न्युनीकरणकालागी सबैभन्दा पहिले समाजको सोच परिवर्तन गर्नुपर्नेमा जोड दिए।

उनले हरेक घरमा छोरीहरूलाई खुलेर बोल्न सक्ने वातावरण बनाउनुपर्ने बताए। समाजको डरले हिंसा लुकाउने प्रवृती रहेकाले छोरीहरुलाई सक्षम बनाउनुपर्ने उनको भनाइ छ। बस्यालले क्यान्सरको जोखिम बढ्दै गएकाले यसका विषयमा सचेतना आवश्यक रहेको बताए। क्यान्सरको उपचार भन्दा रोग लाग्नै नदिने गरी सरकारले योजना बनाउन सुझाव दिए।

२०४८ सालमा जन्मिएकी पत्रकार राधा बस्यालको २०७७ कात्तिक १४ गते स्तन क्यान्सरका कारण निधन भएको थियो। एक दशकभन्दा लामो समयदेखि नवलपुरमा पत्रकारिता गर्दै आएकी राधाले वैवाहिक जीवनपछि व्यक्तिगत रूपमा घरेलु हिंसा र क्यान्सरसँग संघर्ष गर्नुपरेको उनका बुबा शुभराज शर्मा बस्यालले बताए।

आफूलाई क्यान्सर भएको थाहा पाएपछि राधाले महिला हिंसा र स्तन क्यान्सरबारे सचेतना फैलाउने उद्देश्यले राधा क्यान्सर सचेतना फाउन्डेसन स्थापना गरी गाउँ-गाउँमा तथा रेडियो मध्यविन्दु एफएममार्फत अभियान सञ्चालन गरेकी थिइन्। उनको निधनपछि फाउन्डेसनलाई उनका भाइ पत्रकार प्रकाश बस्यालले निरन्तरता दिँदै आएका छन्।

मध्यान्ह
www.madhyanhadaily.com
१० फागुन २०८२ आइतबार
22 February 2026 Sunday

## सम्पादकीय

# संयमता अपनाऊ

रौतहटको गौरमा भएको झडपको घटनाले मुलुककै ध्यान तानेको छ । प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा सुरक्षा संवेदनशिलतासँग जोडिने गरी भडप भएपछि सरोकारवाला पक्ष चनाखो भएका छन् । रौतहट प्रहरीका अनुसार मुस्लिम समुदाय मस्जिदमा प्रार्थना गरिरहेका बेला हिन्दु समुदायले बाजा बजाएको भन्दै विवाद सुरू भएको हो । यही विवादले उग्र रूप लिँदा गौरको वडा नम्बर ४, ५ र ६ मा आगजनी र तोडफोड भएको छ । स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाई फायर र अश्रुग्यासका सेलहरू प्रहार गर्नुपरेको थियो । उक्त घटनामा संलग्न रहेको आरोपमा २२ जना पक्राउ परेका छन् भने प्रहरीले केही सवारीसाधन नियन्त्रणमा लिएको छ ।

निर्वाचनको संवेदनशील समयमा दुई समुदायबीच भएको झडपले सबै पक्षलाई गम्भीर चेतावनी दिएको छ । चुनावी माहोलमा सामाजिक सद्भाव कमजोर बनाउने कुनै पनि प्रयास लोकतन्त्रका लागि घातक हुन्छ । मतपेटिकामा खस्ने प्रत्येक मत केवल अंकगणित होइन, नागरिक विश्वास, सहअस्तित्व र विधिको शासनप्रतिको प्रतिबद्धताको अभिव्यक्ति हो । यो बेला कुनै प्रकारको असुरक्षा महसुस नगरी मतदाताले मतदान गर्न पाउनुपर्छ । कसैले गलत नियत राखेर शन्ति खलबल्याउन खोजेका छन् भने राज्य चनाखो हुनुपर्छ । चुनाव नजिकिँदै जाँदा गौरमा भएको घटना स्वाभाविक रूपमा शंकाको घेरामा पर्छ । यो केवल आकस्मिक टकराव थियो, कि योजनाबद्ध रूपमा वातावरण बिथोल्ने प्रयास ! राज्यले खोज्नुपर्छ । सरकार र सुरक्षा निकायले सम्भावित उत्तेजना, अफवाह र भड्काउ गतिविधिप्रति उच्च सतर्कता अपनाउनुपर्छ । सुक्ष्म अनुसन्धान संयन्त्र सक्रिय राख्दै संवेदनशील क्षेत्र पहिचान गरी पूर्वतयारी गर्नु आवश्यक छ । कानुन उल्लंघन गर्ने जो-कोहीलाई राजनीतिक संरक्षण वा सामुदायिक दबाब बिना समान व्यवहार गरिनुपर्छ ।

राजनीतिक दलहरू पनि चुनावी लाभका लागि विभाजनकारी भाषण र रणनीतिबाट टाढा रहनुपर्छ । मतदाता ध्रुवीकरण गरेर अल्पकालीन लाभ लिन खोज्ने प्रवृत्तिले दीर्घकालीन सामाजिक क्षति पुऱ्याउँछ । चुनाव जित्नु भन्दा पनि लोकतान्त्रिक संस्कार जोगाउनु सबैको प्रमुख दायित्व हो । यसबेला नागरिक स्वयं पनि सचेत हुनुपर्छ । सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचना, घृणात्मक अभिव्यक्ति वा भड्काउ सामग्रीलाई बिना परीक्षण सामाजिक सञ्जाल वा सार्वजनिक मञ्चबाट व्यक्त गर्ने प्रवृत्ति ठूलो जोखिम हो । यसलाई नागरिकले ख्याल गर्नुपर्छ । यसबेला नागरिक समाज, धार्मिक अगुवा र स्थानीय नेतृत्वले संवाद् र सहमतिको वातावरण बनाउन सक्रिय भूमिका खेल्नुपर्छ । समयमै संवाद भए विवाद चर्किनुअघि नै समाधान सम्भव हुन्छ । यदि चुनावलाई असर पार्ने उदेश्यले कसैले योजनाबद्ध रूपमा अस्थिरता सिर्जना गर्न खोजेको छ भने त्यस्ता व्यक्ति वा समूहको पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउनु अनिवार्य छ । यसकारण सबै पक्षले संयमता अपनाउन आवश्यक छ । किनकी- विधिको शासन कमजोर भए लोकतन्त्रको आधार पनि कमजोर हुनेछ ।

# जापानमा रोजगारीको अवसर र चुनौती

*जापानले ढोका खोलेको छ, तर त्यो ढोकाबाट सम्मानका साथ प्रवेश गर्ने जिम्मेवारी भने नेपालको हो ।*

अग्रलेख



● कमल बास्तोला

जापानमा नेपालीहरूको उपस्थिति बर्सेनि बढ्दो छ । अध्ययन, श्रम र व्यावसायिक क्षेत्रमा नेपालीहरूको चासो विस्तार हुँदै गएको पाइन्छ । विशेषगरी पछिल्ला वर्षहरूमा जापानले विदेशी कामदार भित्र्याउन थालेपछि नेपाल पनि सम्भावित श्रम स्रोतका रूपमा हेरिन थालेको छ । अहिले जापानले विदेशी कामदारलाई मुख्यतः स्पेसिफाइड स्किल्ड वर्कर्स (एसएसडब्ल्यू) र टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम जस्ता कार्यक्रममार्फत भित्र्याइरहेको छ । यी कार्यक्रमहरू जापानको श्रम बजारमा देखिएको अभाव पूर्ति गर्ने उद्देश्यले ल्याइएका हुन् ।

विदेशी कामदार भित्र्याउने क्रम सुरुमा चीनबाट उल्लेखनीय रूपमा अघि बढेको थियो । त्यसपछि ध्यान भियतनामतर्फ सरेको थियो । एक समय भियतनामी कामदारहरूको उपस्थिति जापानमा अत्यन्तै बलियो बन्यो । तर, समयक्रममा भियतनाम आफैं आर्थिक रूपमा सशक्त बन्दै गयो, जापानको आम्दानी पहिले जस्तो आकर्षक देखिएन र ठुलो संख्यामा कामदार हुँदा व्यवस्थापनसम्बन्धी समस्या पनि बढे । अहिले भियतनामबाट आउने कामदारको संख्या घट्दो अवस्थामा छ ।

यही परिवर्तनसँगै जापानी कम्पनीहरू र सुपरभाइजिङ अर्गनाइजेसनहरूले नयाँ स्रोत देशतर्फ ध्यान मोडिरहेका छन् । इन्डोनेसिया, म्यानमार, फिलिपिन्ससँगै नेपाल पनि सम्भावनाको सूचीमा परेको छ । तर सम्भावना मात्र पर्याप्त हुँदैन- तयारी र विश्वसनीयता अपरिहार्य हुन्छ ।

नेपालमा जापान रोजगारीको विषयमा उत्साह अत्यन्तै बढेको छ । सामाजिक सञ्जालदेखि म्यानपावर कार्यालयसम्म जापान जाने चर्चा चुलिएको छ । तर, यथार्थतर्फ हेर्दा हाम्रो संरचना अझै कमजोर देखिन्छ । जापानसँग सम्बन्धित प्रक्रिया नेपालमा अत्यन्त झन्झटिलो छ । डिमान्ड भेरिफिकेसनका लागि एम्बेसीमार्फत कागजात बुझाउँदा महिनौंसम्म फाइल अड्किने अवस्था छ । जापान जस्तो समयपालनमा कडा देशका

> *नेपालका कतिपय म्यानपावर व्यवसायीहरूले मध्यपूर्वी देशहरूमा जस्तै सोच राखेर जापानको बजारमा प्रवेश गर्न खोज्ने प्रवृत्ति देखिन्छ । तर जापान त्यस्तो बजार होइन जहाँ छिटो प्रोसेस, ठुलो भोल्युम र कम तयारीमै काम चल्छ । यहाँ काम गर्न दीर्घकालीन सोच, धैर्य र पारदर्शिता आवश्यक छ ।*

लागि यस्तो ढिलाइ गम्भीर समस्या हो । कम्पनीहरूले आफ्नो उत्पादन र सेवा योजनालाई समयमै जनशक्ति आवश्यक पर्छ, महिनौंको प्रतीक्षा उनीहरूका लागि स्वीकार्य हुँदैन ।

अनलाइन प्रणाली सुरु गरिए पनि त्यसको प्रभावकारिता सन्तोषजनक छैन । अनलाइन आइडी भेरिफिकेसनमै महिनौं लाग्ने अवस्था छ । यसले इथिकल र पारदर्शी ढंगले काम गर्न चाहने कम्पनीहरू निराश बनाउँछ । तर, पहुँच र अनौपचारिक प्रभाव प्रयोग गर्न सक्नेहरू भने अघि बढ्ने प्रवृत्ति बढ्दा बजारको साख नै जोखिममा पर्न सक्छ ।

यति मात्र होइन, नेपाली युवाहरूको तयारीमा पनि गम्भीर कमजोरी देखिन्छ । जापानी भाषा परीक्षा पास गर्नका लागि मात्र पढ्ने, अन्तर्वार्ता



पास भएपछि अभ्यास छोड्ने र जापान पुग्दा भाषा ज्ञान कमजोर हुने अवस्था सामान्य बन्दै गएको छ । भाषा जापानमा जीवन र काम दुवैको आधार हो । भाषा नआउँदा न काम बुझिन्छ, न सुरक्षा मापदण्ड, न ग्राहक सेवा ।

फिजिकल फिटनेस, सरसफाइ, समयपालन र व्यवहारिक ज्ञान पनि उत्तिकै महत्वपूर्ण छन् । जापानमा कामको गति तीव्र हुन्छ, अनुशासन कठोर हुन्छ । ढिलासुस्ती, नियम उल्लंघन वा गैरजिम्मेवारी व्यवहार सह्य हुँदैन । इन्डोनेसियालगायतका देशका कामदारहरू वर्किङ इथिक्स र अनुशासनमा बलिया मानिन्छन् । नेपालीहरूमा त्यो स्तर अझै सुदृढ बनाउनुपर्ने आवश्यकता स्पष्ट छ । सुरुवाती चरणमा एसएसडब्ल्यूअन्तर्गत 'तोकुतेई गिनो' प्रति आकर्षण उच्च थियो । नेपालीहरूका लागि नयाँ र सम्मानजनक अवसरको रूपमा हेरिएको थियो । तर अहिले त्यो आकर्षण केही हदसम्म घट्दै गएको देखिन्छ । यसको प्रमुख कारण तयारीको कमी र छवि व्यवस्थापनको कमजोरी हो ।

नेपालका कतिपय म्यानपावर व्यवसायीहरूले मध्यपूर्वी देशहरूमा जस्तै सोच राखेर जापानको बजारमा प्रवेश गर्न खोज्ने प्रवृत्ति देखिन्छ । तर, जापान त्यस्तो बजार होइन जहाँ छिटो प्रोसेस, ठुलो भोल्युम र कम तयारीमै काम चल्छ । यहाँ काम गर्न दीर्घकालीन सोच, धैर्य र पारदर्शिता आवश्यक छ । जापानलाई 'सुनको अण्डा दिने कुखुरा' जस्तो अवसर मान्ने हो भने त्यसलाई जोगाएर, दीर्घकालीन सहकार्य गर्दै अघि बढ्नुपर्छ । छोटो समयमै धेरै नाफा खोज्ने मानसिकता अन्ततः बजार नै नष्ट गर्ने जोखिममा पुग्छ ।

आगामी दशकमा एसएसडब्लूअन्तर्गत १६ वटा क्षेत्रमा ठुलो संख्यामा विदेशी कामदार भित्रिने अनुमान छ । नेपालीहरूका लागि हस्पिटालिटी (होटल तथा रेस्टुरेन्ट), केयर गिभिङ, सरसफाइ सेवा जस्ता क्षेत्र विशेष उपयुक्त देखिन्छन् । यी क्षेत्रमा नेपालीहरूको मिहिनेत, सहनशीलता र सेवा भाव उपयोगी हुन सक्छ । तर न्यूनतम भाषा दक्षता, शिष्ट व्यवहार, सरसफाइ र कामप्रतिको प्रतिबद्धता सुनिश्चित नभएसम्म अवसरलाई स्थायी बनाउन सकिँदैन ।

अर्को जोखिमपूर्ण प्रवृत्ति भनेको काममा आएपछि छिट्टै छोडेर अन्यत्र जाने, नियम उल्लंघन गर्ने वा वैकल्पिक बाटो खोज्ने प्रवृत्ति हो । यस्तो व्यवहार बढेमा 'नेपालीहरू अस्थिर र अविश्वसनीय हुन्छन्' भन्ने धारणा बन्न सक्छ । एकपटक छवि बिग्रियो भने सुधार्न दशकौं लाग्न सक्छ ।

सिन्डिकेट र मोनोपोलीको सोचले पनि बजार असन्तुलित हुन्छ । केही सीमित समूहले मात्र अवसर कब्जा गर्ने प्रयास गर्दा पारदर्शिता हराउँछ । सबैले निष्पक्ष प्रतिस्पर्धा गर्ने वातावरण बनेमा मात्र दीर्घकालीन बजार सुरक्षित रहन्छ । जापानमा कामको अभाव छैन, अभाव छ भने अनुशासित, दक्ष र विश्वसनीय जनशक्तिको ।

नेपालभित्र जापानिज भाषा शिक्षा, संस्कृति र कार्यसंस्कार सिकाउने प्रणालीलाई बलियो बनाउन जरुरी छ । भाषा स्कुल, म्यानपावर कम्पनी, सरकारी निकाय र निजी क्षेत्रबीच समन्वय आवश्यक छ । शारीरिक रूपमा फिट, मानसिक रूपमा तयार र संस्कारयुक्त कामदार पठाउन सके मात्र जापानको बजारमा नेपालको स्थान स्थिर रहन्छ ।

कमाइको दृष्टिकोणबाट हेर्दा, अहिले जापानी येन केही कमजोर अवस्थामा छ । अत्यधिक कमाइ हुन्छ भन्ने भ्रम पाल्नु उचित हुँदैन । तर, नेपालभन्दा राम्रो आम्दानी, सीप सिक्ने अवसर, विश्वस्तरीय अनुशासन र कार्यसंस्कृति आत्मसात गर्ने अवसर भने जापानले दिन्छ । जापानमा दुःख गरेर, नियम पालन गरेर, इमानदारीपूर्वक काम गरेका नेपालीहरू भविष्यमा नेपाल फर्किंदा देशकै लागि मूल्यवान सम्पत्ति बन्न सक्छन् । उनीहरूले सिकेको व्यवस्थापन, समयपालन, प्रविधि र श्रम संस्कार नेपालकै उत्पादनशील शक्तिमा रूपान्तरण हुन सक्छ ।

अन्ततः जापान नेपालीका लागि अवसर हो- तर तयारीसहितको अवसर । क्षणिक लाभभन्दा दीर्घकालीन प्रतिष्ठा रोज्ने, इथिकल रिक्रुटमेन्टलाई प्राथमिकता दिने र भाषा-संस्कारलाई आधार बनाउने हो भने जापान नेपाली श्रमिकका लागि स्थायी, सम्मानजनक र गौरवपूर्ण गन्तव्य बन्न सक्छ । जापानले ढोका खोलेको छ, तर त्यो ढोकाबाट सम्मानका साथ प्रवेश गर्ने जिम्मेवारी भने नेपालको हो । यही फेब्रुअरी २४ मा नेपालका म्यानपावर कम्पनी र जापानका रोजगारदाताबीच बिजनेस सेमिनार पनि हुँदैछ । त्यसैले सबै विषयलाई ख्याल गरेर उचित कदम चाल्न जरुरी रहेको छ ।

*(१८ वर्षदेखि जापानमा रहेका बास्तोला विद्यार्थी तथा मानव संशाधनको क्षेत्रमा कार्यरत छन् ।)*

## इतिहासमा आज

२२ फेब्रुअरी २०११ मा न्यूजील्याण्डको निकै घातक प्रकृतिको भूकम्प गयो । जुन भूकम्पमा परी १८५ जनाको ज्यान गयो भने अर्बौं डलरको भौतिक क्षति भयो ।



२२ फेब्रुअरी २०११ मा बहराइनमा विद्रोहको सुरुवात भएको थियो । जसमा अघिल्ला विरोध प्रदर्शनहरूमा प्रहरी र सेनाद्वारा मारिएका ७ आन्दोलनकारीको विषयलाई एजेन्डा बनाइएको थियो ।



२२ फेब्रुअरी २०१२ मा अर्जेन्टिनाको ब्यूनस आयर्समा भएको रेल दुर्घटनामा ५१ जनाको मृत्यु भएको थियो ७०० जना घाइते भएका थिए ।



२२ फेब्रुअरी २०१५ मा १०० यात्रु बोकेको डुङ्गा बंगलादेशको पद्मा नदीमा पल्टिँदा ७० जनाको मृत्यु भएको थियो ।



# सचेत मतदाता, सबल लोकतन्त्र

विचार



● ईश्वर बुढाथोकी

लोकतन्त्रमा राज्यसत्ताको अन्तिम शक्ति नागरिकको हातमा हुन्छ । त्यो शक्ति प्रकट हुने सबैभन्दा प्रभावकारी माध्यम नै मत हो । तर मत केवल औपचारिक अधिकार मात्र होइन, यो भविष्य निर्धारण गर्ने निर्णय हो । हामीले दिएको एक मतले नीतिहरू बनाउँछ, नेतृत्व चयन गर्छ र देशको दिशा तय गर्छ । त्यसैले मत हाल्ने क्षण उत्साह मात्र होइन, गम्भीर जिम्मेवारीको क्षण पनि हो ।

हाम्रो समाजमा चुनावको समयमा हल्ला, प्रचार, भावनात्मक भाषण र भीडको प्रभाव तीव्र हुन्छ । अनेक कुराले मतदाताको सोचलाई प्रभावित पार्न सक्छन् । तर भीडको मनोविज्ञान र सामाजिक सञ्जालको प्रचार लोकतान्त्रिक चेतनाको विकल्प होइन । विवेक, तथ्य र नीतिगत स्पष्टता नै मतको आधार बन्नुपर्छ । नागरिकले आफ्नो मत कसैको दबाब, लोभ वा डरमा होइन, स्पष्ट मूल्यांकनपछि प्रयोग गर्नुपर्छ ।

नेपालले लामो राजनीतिक संघर्षपछि संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास सुरु गरेको छ । यो ऐतिहासिक उपलब्धि हो । तर, उपलब्धि केवल कागजमा लेखिएको व्यवस्था होइन, यसको सार नागरिकको जीवनमा देखिनुपर्छ । संघीय संरचनाले सेवा प्रवाह सजिलो बनायो कि जटिल ? स्थानीय तह सशक्त बन्ने कि अधिकार केन्द्रमै सीमित रहने ? समावेशीकरणले सीमान्तकृत समुदायको आवाज सुदृढ गऱ्यो कि सीमित समूहको अवसर विस्तार मात्र बन्यो ? मतदाता भएर हामीले दल र उम्मेदवारसँग यस्ता प्रश्न सोध्न सक्नुपर्छ । संघीयता विकासको माध्यम कसरी बन्ने ? समानुपातिक प्रतिनिधित्वले वास्तविक न्याय कसरी सुनिश्चित गर्ने ? गणतन्त्र संस्थागत प्रणालीमा आधारित कसरी बन्ने ?

> *हाम्रो एक मत सानो देखिन सक्छ, तर त्यसको असर पुस्तौंसम्म रहन सक्छ । त्यसैले मत हाल्ने बेलामा हेक्का राख्नुपर्छ- हामी केवल उम्मेदवार चयन गरिरहेका छैनौं, राष्ट्रको दिशा तय गरिरहेका छौं ।*

देशको समृद्धि भावनात्मक नारा होइन, आर्थिक संरचनाको मजबुतीमा निर्भर हुन्छ । उत्पादन, रोजगारी, लगानी र निर्यात वृद्धि बिना आर्थिक स्वतन्त्रता सम्भव छैन । अहिले पनि नेपाल आयातमुखी बजार र वैदेशिक रेमिटेन्समा निर्भर छ । त्यसैले मतदाताले सोध्नुपर्ने प्रश्नहरू स्पष्ट छन्- कृषि आधुनिकीकरण कसरी गर्ने ? पर्यटन र जलविद्युतको सम्भावना कसरी व्यवसायिकरण गर्ने ? साना तथा मझौला उद्योगलाई कर, अनुदान र प्रविधिको पहुँच कसरी दिने ? सार्वजनिक खर्च पारदर्शी र प्रभावकारी बनाउने उपाय के छन् ?

यदि कुनै दलले आर्थिक वृद्धिदर बढाउने योजना तथ्य, सूचकांक र कार्यान्वयन तालिकासहित प्रस्तुत गर्न सक्दैन भने 'समृद्धि' भन्ने शब्द केवल प्रचार बन्न सक्छ । दीर्घकालीन सोच, लगानीमैत्री वातावरण र उत्पादनमूलक नीति बिना आर्थिक परिवर्तन सम्भव हुँदैन । आजको नेपालले भोगिरहेको सबैभन्दा गम्भीर चुनौती भनेको युवा पलायन हो । हजारौं युवा रोजगारीको खोजीमा विदेशिएका छन् । गाउँहरू खाली हुँदैछन् । यो अवस्था केवल आर्थिक समस्या होइन, सामाजिक संरचनामा पनि असर पारिरहेको छ ।

उम्मेदवारले युवालाई स्वदेशमै अवसर दिन कस्तो नीति ल्याउने ? प्राविधिक शिक्षा र बजारबीचको सम्बन्ध कसरी बलियो बनाउने ? स्टार्टअपलाई सहज ऋण, कर छुट र परामर्श सेवा उपलब्ध गराउने योजना के छ ? विदेशबाट फर्किएका युवाको सीप उपयोग गर्ने कार्यक्रम छ कि छैन ? युवालाई 'देशमै बस' भन्नु पर्याप्त होइन । उनीहरूलाई भविष्य देखिने वातावरण सिर्जना गर्नु राज्यको दायित्व हो । रोजगार, सीप विकास र उद्यमशीलताको स्पष्ट खाका नभएको प्रतिबद्धता खोक्रो सावित हुन्छ । भ्रष्टाचारले विकासलाई मात्र होइन, जनविश्वासलाई पनि कमजोर बनाउँछ । जब नागरिकले राज्यका निकायप्रति भरोसा गुमाउँछन्, लोकतन्त्र कमजोर हुन्छ । त्यसैले सुशासन चुनावी मुद्दाको केन्द्रमा हुनुपर्छ । सार्वजनिक खरिद प्रणाली पारदर्शी बनाउने योजना के छ ? निगरानी निकायहरूलाई राजनीतिक हस्तक्षेपबाट कसरी मुक्त गर्ने ? डिजिटल प्रविधिमार्फत सेवा प्रवाहलाई पारदर्शी र ट्र्याकिङयोग्य कसरी बनाउने ? उम्मेदवार स्वयंले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्न र जवाफदेही हुन तयार छन् कि छैनन् ?

सरकारी विद्यालय र अस्पतालको स्तर सुधार गर्न दीर्घकालीन योजना के छ ? शिक्षालाई सीप र रोजगारीसँग जोड्ने सुधार कसरी गर्ने ? सबै नागरिकका लागि आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न स्रोत र व्यवस्थापन कसरी गर्ने ? सामाजिक न्याय केवल प्रतिनिधित्वमा सीमित हुँदैन । सीमान्तकृत समुदायको जीवनस्तर उकास्न बजेट, कार्यक्रम र अनुगमन आवश्यक हुन्छ । समावेशीकरणको अर्थ भाषण होइन, कार्यान्वयन हो ।

अन्ततः लोकतन्त्रको बल मतदाताको चेतनामा निहित हुन्छ । कुनै उम्मेदवारले पहिले सार्वजनिक पद सम्हालेको छ भने उसको कार्यसम्पादन मूल्यांकन गर्नुपर्छ । के उसले वाचा पूरा गऱ्यो ? के उसले पारदर्शी शासन चलायो ? मत लहैलहैमा होइन, विश्लेषणमा आधारित हुनुपर्छ । हामीले हल्ला, भीड र भावनात्मक उत्तेजनालाई छानेर तथ्य र योजना रोज्न सक्नुपर्छ ।

देशको भविष्य केवल नेताले होइन, मतदाताले पनि निर्माण गर्छन् । जब नागरिकले स्पष्ट भिजन, ठोस नीति र कार्यान्वयन क्षमताको आधारमा मत दिन्छन्, तब मात्र लोकतन्त्र सबल बन्छ । जिम्मेवार मतदाता नै समृद्ध र स्थिर राष्ट्रको आधार हो । हाम्रो एक मत सानो देखिन सक्छ, तर त्यसको असर पुस्तौंसम्म रहन सक्छ । त्यसैले मत हाल्ने बेलामा हेक्का राख्नुपर्छ- हामी केवल उम्मेदवार चयन गरिरहेका छैनौं, राष्ट्रको दिशा तय गरिरहेका छौं ।

## सामाजिक सञ्जाल



**राधाकृष्ण कटुवाल**

देश बनेन भन्ने जनताले देश बनाउने निर्णय गर्न जरुरी छ । त्यसका लागि जुनसुकै राजनीतिक दललाई छाने पनि दुई वटा दल छान्ने र एउटा दललाई दुई तिहाइ मत र अर्को दललाई एक तिहाइ मत दिएर प्रतिपक्ष बनाइयो भने देश अवश्य बन्छ नत्र नेता भन्दा दोषी जनता नै हुनेछन् 'सत्य तितो हुन्छ, यथार्थ यही हो' ।



**नारायण वाग्ले**

एउटा पार्टीका कार्यकर्ताले अर्को पार्टीको झन्डाको अपमान गर्ने, एकले अर्कालाई निषेध गर्ने कार्य तत्काल रोक्न पार्टी नेतृत्व चनाखो होस् । नयाँ भनिएका पार्टीका नेता संयमित होउन्, समर्थकहरूलाई पनि सम्झाउन् । राजनीति छोटो हुँदैन ।



**बद्री विनोद खनाल**

चुनाव लोकतन्त्रको उच्चतम अभ्यास ठान्ने दलले चुनाव बिथोल्नु हुँदैन । आफ्नो पार्टीलाई मत माग्ने हो, विपक्षी पार्टीको प्रचार प्रसारलाई निषेध गर्ने होइन । प्रतिस्पर्धी दलको कार्यालय तोड्ने पोस्टर र झन्डा जलाई दिने । पोलमा टाँगेका झन्डा झिकेर भुइँमा थुपार्ने र बच्चाहरूलाई पिसाब गर्न लगाउने राजनीति होइन ।



**रेजिना खड्का**

कुनै दलको सदस्य हुनुभन्दा पहिले हामी नेपाली हौं भन्ने कुरा नबिर्सौं । सामाजिक तथा राजनीतिक संस्कार कायम गरौं । कुनै पार्टीको झन्डा जलाउने, ढुंगा हान्ने, जुलुसका नाममा हिंसा गर्ने जस्ता गतिविधिले देशलाई झन् कमजोर बनाउँछ । अब हिंसाको बाटो रोज्नु हुँदैन ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# भूगोलमा पुन मगर, भावनामा कम्युनिष्टः छिपखोलाको अनौठो विरासत

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुम पूर्व, ९ फागुन



लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वको सिस्ने गाउँपालिका-२ मा एउटा यस्तो गाउँ छ, जहाँको परिचय भूगोलले मात्र होइन, एउटा विशिष्ट सामाजिक र राजनीतिक चरित्रले दिने गर्छ । त्यो गाउँ हो, छिपखोला । यहाँ पुग्ने जोकोहीलाई लाग्छ, यो गाउँ कुनै आधुनिक बस्ती मात्र होइन, बरु एउटा जीवित 'राजनीतिक संग्रहालय' हो, जहाँ दशकौंदेखि ' एउटै थर र एउटै विचार' को अविचलित विरासत कायम छ ।

छिपखोलाको सबैभन्दा ठूलो विशेषता यहाँको जातीय स्वरूप हो । यो गाउँमा पुन मगर समुदाय बाहेक अन्य कुनै जातिको बसोबास छैन । गाउँका प्रत्येक घरधुरी एउटै थरका मानिसहरूले भरिएका छन्, जसका कारण छिमेकी बस्तीहरूमा यसलाई 'पुन गाउँ' भनेर चिनिन्छ। यहाँको सामाजिक संरचना यति कसिलो छ कि रगतको नाता र राजनीतिक आस्था यहाँ एकै सिक्काका दुई पाटा बनेका छन् ।

**कम्युनको त्यो बिर्सिनसक्नु अभ्यास**

नेपाली राजनीतिक इतिहासमा छिपखोलाको नाम 'बलिदान जन-कम्युन' सँग अभिन्न रूपमा जोडिएको छ। २०६१ भदौ २५ गते तत्कालीन विद्रोही माओवादीले यहाँ सामूहिक जीवन पद्धतिको एउटा प्रयोग सुरु गरेको थियो । सुरुमा ६ र पछि १० परिवारले आफ्नो सम्पूर्ण निजी सम्पत्ति पार्टीकरण गरेर 'साझा काम, साझा भान्छा र साझा आम्दानी'को अवधारणामा जीवन बिताएका थिए ।

निजी स्वामित्वको अन्त्य गरी सामूहिक श्रममा विश्वास गर्ने त्यो अभ्यास २०६८ सालसम्म चल्यो । आज त्यो कम्युन त इतिहास बनिसक्यो, तर त्यसको जगमा उभिएको 'सहिद स्मृति पार्क' ले गाउँको संघर्षपूर्ण विगतलाई अझै पनि ताजा बनाइराखेको छ। साविकका प्वाङ, पोखरा र पिपल गाविसमा राज्यपक्षबाट ज्यान गुमाएकाहरूको नामाकिंत स्तम्भले यो गाउँको विद्रोही चेतलाई प्रतिविम्बित गर्छ ।

**विद्रोहको त्यो कालो दिन**

२०५२ साल फागुन २९ गते छिपखोलामा घटेको एउटा दुःखद घटनाले गाउँको राजनीतिक दिशा नै बदलिदियो । प्रहरीद्वारा दुई सर्वसाधारणको हत्या भएपछि आक्रोशित बनेको यो गाउँले राज्यसत्ता विरुद्धको विद्रोहलाई आफ्नो गन्तव्य बनायो । विकट भौगोलिक अवस्थितिका कारण तत्कालीन माओवादीका लागि यो सुरक्षित 'सेल्टर' मात्र बनेन, बरु एउटा बलियो आधार इलाकाका रूपमा स्थापित भयो ।

यो दुर्गम बस्तीले देशको नीति निर्माण तहमा पुग्ने प्रभावशाली व्यक्तित्वहरू पनि जन्माएको छ । पूर्वमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का केन्द्रीय कार्यालय मुख्य सचिव गणेशमान पुनको यो जन्मथलो हो । २०७० को संविधानसभा सदस्य हुँदै २०७२ मा मन्त्री बनेका पुन र उनकी जीवनसंगिनी कमला रोका (पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य)को राजनीतिक उचाइले छिपखोलालाई राष्ट्रिय चर्चाको केन्द्रमा राखेको छ ।

**विचारको 'लालकिल्ला'**

लोकतन्त्रमा बहुदलीय प्रतिस्पर्धा सामान्य मानिए पनि छिपखोलामा भने अन्य दलको उपस्थिति 'शून्य' प्रायः छ । यहाँ राजनीति केवल चुनावी एजेन्डा होइन, बरु पुस्तादेखि पुस्तासम्म सरेको एउटा दृढ विचार हो । अन्य दलका उम्मेदवारहरू कहिलेकाहीँ भोट माग्न त पुग्छन्, तर स्थानीयको एउटै जवाफ हुन्छ, 'यो ऐतिहासिक गाउँ हो, यहाँ गणेशमानको विचार र शहीदको सपना बाहेक अरू केही चल्दैन ।'

एउटै थर, एउटै समुदाय र एउटै राजनीतिक धार बोकेको छिपखोला आज पनि आफ्नो फरक पहिचानसहित पहाडका खोँचहरूमा गर्वका साथ ठिङ्ग उभिएको छ ।

# बाघ गणना गर्न राखिएका ६० क्यामेरा हराए

**चितवन/मस-** चितवन र पर्सा राष्ट्रिय निकुञ्ज कम्प्लेक्समा बाघ गणनामा प्रयोग गरिएका ६० वटा क्यामेरा हराएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरले ८५ क्यामेरामध्ये ६० वटा हराएका र २५ वटा बिग्रेका छन् । उनले चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा एक हजार ७ सय ८० वटा क्यामेरा प्रयोग गरिएको बताए । गत पुस



३ गतेदेखि सुरु गरिएको बाघ गणना बिहीबार सम्पन्न भएको छ । थापा मगरका अनुसार दुई वटा राष्ट्रिय निकुञ्जलाई एउटा कम्प्लेक्स र एउटा कम्प्लेक्सलाई तीन ब्लकमा विभाजन गरी बाघ गणना गरिएको थियो । यस कम्प्लेक्सलाई ९ सय ५८ वटा ग्रिड बनाएर बाघ गणना गरिएको थियो । ती ग्रिडमा प्रयोग गरिएका क्यामेरामध्ये ८५ क्यामेरा समस्याग्रस्त भएका थापा मगरले बताए ।

उनका अनुसार एउटा ब्लकमा १७ रात क्यामेरा राखेर काम गरिएको हो । दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिएको हो । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३ सय ५५ वटा वयस्क बाघ रहेको तथ्यांक सार्वजनिक भएको थियो । उक्त गणनामा चितवनमा १ सय २८, बर्दिया निकुञ्जमा १ सय २५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएका थिए ।

**Government of Nepal**
**Ministry of Health and Population**
**National Academy of Medical Sciences**
**National Trauma Center**
**Mahankal Kathmandu Nepal**
**Invitation for Re-Bid**
**Date of publication: 22/02/2026**

1. The ***National Trauma Center, Mahankal, Kathmandu*** invites ***electronic*** bid from eligible bidders for The Procurement of Supply, Delivery and Installation of 128 slice CT Scanner Machine under International competitive bidding – Single Stage Two Envelope procedures.

| S. N. | Bid Notice No. | Particulars | Bid Fee | Bid Security Amount | Pre bid Date | Bid Submission date | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | NTrC/G/ ICB/02-082/83 | Supply, Delivery and Installation of CT Scanner Machine | Nrs.5000.0 | 1610000.00 | 19/03/2026 | Before 12.00 NST on 08/04/2026 | 14.00 NST on 08/04/2026 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***National Trauma Center***, Mahankal, Kathmandu or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically and download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: ***Rastriya Banijya Bank, Teku, Kathmandu***
Name of Office: ***National Trauma Center, Mahakal, Kathmandu***
Office Code no. : ***370003510***
Office Account no.: ***1000100200010000***
Bid documents Fee: ***NRs. 5000/- (Non Refundable)***
Rajaswa (revenue) Shirshak no. :***14229***
4. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: ***1700100102030000*** District Treasury controller Office, Tripureswor, Kathmandu at Rastriya Banijya Bank, Teku Branch and submit the receipt of the deposited amount of cash along with the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Medical Superintendent**

# मगर समुदायका नवप्रवेशी राष्ट्रसेवकलाई सम्मान

**ललितपुर/मस-** मगर समुदायबाट राष्ट्रसेवक कर्मचारी सेवामा प्रवेश गरेका नवप्रवेशी कर्मचारीहरूको सम्मान तथा अन्तरक्रिया कार्यक्रम शनिबार ललितपुरको जावलाखेलस्थित रिडी लाउन्जमा सम्पन्न भएको छ । कार्यक्रम मगर राष्ट्रसेवक कर्मचारी समाज नेपालले आयोजना गरेको हो ।



समाजका पदाधिकारी, अग्रज राष्ट्रसेवक तथा समुदायका अभिभावकहरूको उपस्थितिमा आयोजित कार्यक्रममा विभिन्न तहमा नाम निकालेर सरकारी सेवामा प्रवेश गरेका मगर समुदायका कर्मचारीहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा सहसचिव विजय राना मगर, शाखा अधिकृत पवित्रा राना, शाखा अधिकृत थमि थापा मगरसहित कृष्ण ब.थापा मगर, हिमाल थापा मगर, राम ब.थापा मगर, सागर राना मगर, निर्वाण रैका मगर, विकास मगर, प्रमिसा राना मगर, कृष्ण ब. पुन, जुनकुमारी बुढा मगर, आत्मराम पुन मगर, अमृत थापा मगर, टोप ब. दर्लामी, मिलन सारू मगर, कुमार राना, हिमाल घर्तिमगर, सपना सूर्यवंशी मगर, सोनु थापा मगर, केशव थापा मगर, सुशील पुन मगर, सलोचना थापा मगर, वरिष्ठ मुद्रण सहायक बब्ली निता मगर, मुद्रण अधिकृत लेकिन बलम्पाकि मगर, सब-इन्जिनियर प्रशन्ना तारमी मगर तथा वरिष्ठ समाजसेवी दिल ब.थापा मगरलाई सम्मान गरिएको समाजले जनाएको छ ।

कार्यक्रममा वक्ताहरूले पछिल्लो समय जनजाति समुदाय, विशेषगरी मगर समुदायका युवाहरू लोकसेवा तथा राष्ट्रसेवक क्षेत्रमा उल्लेख्य रूपमा अघि बढ्दै गएको बताएका थिए । समुदायका अभिभावक र अग्रज राष्ट्रसेवकबाट हुने सम्मान र हौसला प्रदानले नयाँ पुस्ताको मनोबल अझ बलियो बनाउने उनीहरूको धारणा थियो ।

उनीहरूले यस्ता सम्मान तथा अन्तरक्रिया कार्यक्रमले लोकसेवा आयोगमार्फत सरकारी सेवामा प्रवेश गर्ने प्रेरणा बढाउने र मगर समुदायका भाइबहिनीहरूलाई राष्ट्रसेवक बन्न थप उत्साहित गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा सहभागीहरूले भविष्यमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै शिक्षित युवा पुस्तालाई प्रतिस्पर्धी परीक्षातर्फ केन्द्रित गराउन समुदायस्तरबाट थप पहल आवश्यक रहेको बताएका थिए ।

# मधेश प्रदेश समन्वय परिषद् कतारको आयोजनामा बृहत् इफ्तार कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ९ फागुन



मधेश प्रदेश समन्वय परिषद् कतारले आयोजना गरेको बृहत् इफ्तार कार्यक्रम सम्पन्न भएको छ। मुस्लिम धर्मावलम्बीको पवित्र महिना रमादानको अवसर पारेर रोजा बसेका रोजेदार मुस्लिम धर्मालम्बिहरुका लागी मुन्तजामा रहेको गोरखाली रेस्टुरेन्टको हलमा शुभकामना आदानप्रदानसहित इफ्तार कार्यक्रम सम्पन्न भएको हो। शुक्रबार सम्पन्न कार्यक्रमको उद्घाटन कुरान तिलावात (मौलाना जनाव) बाट गरिएको थियो । परिषद्का अध्यक्ष मोहमद कलाम हुसेन खानको सभाध्यक्षता तथा गैरआवासिय नेपाली संघ कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा परिषद् मातहत रहेका जिल्ला अध्यक्षहरू सहित वैचारिक संगठन, प्रदेश, सामुदायिक, अन्य जिल्ला संस्थाका प्रमुखहरू तथा प्रतिनिधिहरुको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो । वक्ताहरूले इस्लामिक आस्थावानहरुले सबै जात धर्मलाई समेट्दै इफ्तार कार्यक्रम सम्पन्न गरेकोमा खुसी व्यक्त गर्दै शुभकामना दिएका थिए ।

रमजानको महत्वका बारेमा गुरु तथा वक्ताहरूले आफ्ना धारणा राख्दै झूटो नबोल्नु, शान्तिले बस्नु र गरिब तथा दीन दुःखीलाई दान र दया गर्नु रमजानको विशेषता रहेको बताएका थिए । रमजान महिना गरिब, दिन दुःखी र असहायका लागि नराम्रो नहोस् भन्ने दृष्टिकोणबाट अल्लाहले इस्लाम धर्ममा यस महिनाका लागि विशेष व्यवस्था गरेको धारणा राखेका थिए । अल्लाहको बाटोमा हिँड्दा स्वर्गको ढोका खुल्नेसम्मको महिमा वक्ता तथा मौलानाहरुले सुनाएका थिए । आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि पन्थीले मधेश प्रदेशले रमदानको सुरुमै इफ्तार कार्यक्रमको आयोजना गर्दै आफूलाई समाजमा सक्रिय रहेको प्रमाणित गरेको बताए ।

कार्यक्रममा उपस्थितलाई उपाध्यक्ष दुर्गानन्द पासवानले स्वागत मन्तव्यद्वारा स्वागत गरेका थिए । का.वा. महासचिव जीवन न्यौपानेले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष खानले इफ्तार कार्यक्रममा जोडिनेहरूप्रति आभार व्यक्त गर्दै सबै जातजातीलाई समेट्दै थप नयाँ कार्यक्रम सहित परिषद् अगाडि आउने बताए ।

इस्लाम धर्मावलम्बीहरूले यस महिनालाई धार्मिक ग्रन्थ कुरान अवतरण भएको सबैभन्दा पवित्र महिनाको रूपमा मान्ने गरिन्छ । रोजाका पहिलो १० दिनको अवधिलाई बरक्कत (फलिफलाप), दोस्रो १० दिनको अवधिलाई रहमत (दया-माया) र अन्तिम १० दिनको अवधिलाई मगफिरत (अल्लाहबाट माफी) पाउने गरी रोजा बस्ने गर्दछन् ।

**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८२/११/१०**

यस बैंकको निक्षेपकर्ता श्री पदमपानी कोइरालाको नाति, श्री टिकाराम कोइरालाको छोरा, स्याङजा जिल्ला, वालिङ नगरपालिका, वडा नं ०७, केवरे बस्ने वर्ष ६७ को श्री **डोलराज कोइराला** (ना.प्र.प.न ७६७२, २०४५/०१/२१, स्याङजा) को मिति २०८२/१०/०६ गते असामायिक निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको श्रीमती वाली कुमारी कोइरालाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती वाली कुमारी कोइरालाको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Khatyad Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Ramtadi, Mugu**
**Invitation For Bids**
**First Date of Publication: - 2082/11/08 BS, 2026/02/20AD**

1. Khatyad Rural municipality Ramtadi, Mugu invites only electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project including VAT. | Bid Security Amount (NRs.) | Bid document Price (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | KRM/NCB/ WoRKS/10/82/083 | Putta khola rol saina jogilekha jeuka gothileka dumana Road Construction Works | 14,023,776.22/- | 3,10,000./- | 3000.00/- | |
| 2 | KRM/NCB/WORKS/ 11/82/083 | Rikhiya Road Construction Works | 15,361,059.20 /- | 3,40,000/- | 3000.00/- | |
| 3 | KRM/NCB/WORKS/ 12/82/083 | Construction of School Building at lokpriya Secondary School, (8-room) khatyad -7 mugu | 14,821,510.15/- | 3,25,000/- | 3000.00/- | |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2082/12/08 ( 22nd Mar. 2026) | 12;00 Hrs. |
| Opening of Bid | Up to 2082/12/08 ( 22nd Mar. 2026) | 1400 Hrs. |

3. Information to deposit the cost of bidding document:-
Name of the Bank: Machhapuchchhre Bank,Khatyad, Branch
**Name of Office: Khatyad Rural Municipality**
Dharauti Account no.: 720065818000068
Rajaswa (revenue) Account no.: 720065818000083
4. Bidders shall have the option of submitting their bids: "by electronic only". Bids received after this deadline will be rejected.
5. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 (First amendment 2073 as well and Public Procurement Regulation 2064.
7. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
8. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time to contract Award.
9. For all other details, please refer to the complete set of bidding documents at Khatyad Rural Municipality, Majhchaur, Mugu

**Chief Administrative Officer**

# ‘जिरो डिग्री’मा सनिशा



**काठमाडौं/मस–** मेघौली फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्म ‘जिरो डिग्री’मा शीर्ष अभिनेत्री सनिशा भट्टराई मुख्य भूमिकामा अनुबन्धित भएकी छन्। यससँगै फिल्ममा अभिनेता विजय बराल र सनिशाको जोडी दर्शकले देख्ने अवसर पाउनेछन्।

निर्माण पक्षका अनुसार सनिशाको अनुबन्धले फिल्मको मुख्य कलाकारको लाइनअप पूर्ण भएको छ। सनिशा यसअघि फिल्म ‘१२ गाउँ’ बाट डेब्यू गरेकी थिइन् भने उनको पछिल्लो प्रदर्शन फिल्म ‘नरसिंहा अवतार’मा रहेको थियो। अभिनयका अतिरिक्त, उनले हालै पारिजातको चर्चित नाटक ‘शिरिषको फूल’ मा ‘सकम्बरी’को भूमिकामा उत्कृष्ट प्रदर्शन गरेकी थिइन्।

निर्देशक आकाश बराल र साजन काफ्ले ले संयुक्त निर्देशन गर्ने यस फिल्ममा कथा पनि दुवैले लेखेका छन् भने कथाकार राजन भुसाल ले फिल्ममा अभिनय समेत गर्नेछन्। फिल्मको कार्यकारी निर्माता मोती कार्की, छायांकन निशाल पौडेल, र सम्पादन चानस मगर ले गर्नेछन्। वितरणको जिम्मा कुबेर सिने डिस्ट्रिब्युसनले लिनेछ।

फिल्मको कथा सडक सञ्जाल नपुगेको एक दुर्गम गाउँमा आधारित छ। निर्देशक काफ्लेका अनुसार, फिल्ममा आमाबुवाको निधनपछि विदेशमा रहेका सन्तान गाउँ नआइपुग्दासम्म शव सुरक्षित राख्न ‘डीप फ्रिज’ बोकेर लैजाँदा उत्पन्न हुने परिस्थितिलाई हास्यप्रद तर रोमाञ्चक तरिकाले देखाइनेछ। उनले थपे, ‘सिर्फ फ्रिज गाउँसम्म पुऱ्याउने घटना मात्र होइन, यसले गाउँमा उत्पन्न हुने उथलपुथल र हास्यप्रद परिस्थितिलाई पनि उजागर गर्नेछ।’

निर्माण पक्षले फिल्म कमेडी जनरामा निर्माण हुने बताए पनि कथामा हल्का सामाजिक सन्देश र मानवीय संवेदनालाई पनि समावेश गरिएको छ। फिल्मको गीत ‘अरे हो नेता जी’ हालै मात्र सार्वजनिक गरिएको थियो, जसले दर्शक तथा संगीतप्रेमीबीच सकारात्मक चर्चा बटुलेको छ। सनिशा भट्टराईले फिल्ममा प्रवेश गरेसँगै, मुख्य महिला पात्रको भूमिकामा उनको छवि दर्शक मनोविज्ञान अनुसार निकै आकर्षक र सजीव रहने अपेक्षा गरिएको छ। उनले निर्माण पक्षसँगै अभिनय वर्कसपमा पनि भाग लिन थालेकी छन्, जसले फिल्मको प्रदर्शन र तयारीमा थप बल पुऱ्याउनेछ।

यसैगरी, विजय बराल फिल्ममा मुख्य पुरुष पात्रको भूमिकामा छन्। निर्माण पक्षले भने विजय र सनिशाको जोडीको कथा वा सिनेमाटिक प्रभावबारे विस्तृत जानकारी अहिलेसम्म सार्वजनिक गरेको छैन।

फिल्म ‘जिरो डिग्री’ को तयारी सक्रीय रूपमा जारी छ र निर्माताहरूले छिट्टै फिल्मको छायांकन सुरु गर्ने योजना बनाइरहेका छन्। निर्देशक आकाश बरालले भने, ‘हाम्रो उद्देश्य दर्शकलाई हल्का मनोरञ्जन दिने मात्र नभई ग्रामीण जीवनको अद्भुत पाटोलाई पनि चलचित्र मार्फत देखाउनु हो।’ यसरी, ‘जिरो डिग्री’ नेपाली सिनेमा क्षेत्रमा हल्का हास्य र सामाजिक कथा मिश्रित नयाँ शैलीको प्रयासका रूपमा अपेक्षित छ।

# ‘मोहर २’ बन्ने




**काठमाडौं/मस–** यस वर्ष व्यावसायिक रूपमा सफल ठहरिएको फिल्म ‘मोहर’को दोस्रो भाग निर्माण हुने भएको छ। निर्माता कम्पनी फिल्ममेकर्स प्रा.लि.ले शुक्रबार थिम पोस्टर सार्वजनिक गर्दै ‘मोहर २’को औपचारिक निर्माण घोषणा गरेको हो।

फिल्मको निर्देशन ओम प्रतीक गर्नेछन् भने प्रस्तुतकर्ता चुम्बन जंग शाही रहनेछन्। निर्माण पक्षले आगामी वर्षको मध्यतिर छायांकन सुरु गर्ने योजना बनाएको बताएको छ।

घरेलु बक्स अफिसमा ५ करोडभन्दा बढी व्यापार गरेको पहिलो भाग ‘मोहर’मा पल शाह, बेनिशा हमाल, नीति शाह, अर्जुन जंग शाही, मिथिला शर्मा लगायतका कलाकारको अभिनय रहेको थियो। दोस्रो भागमा पनि त्यही कलाकारलाई दोहोर्‍याउने तयारी भइरहेको छ। निर्देशक प्रतीकका अनुसार स्क्रिप्ट तयार पार्ने काम जारी छ र पलसहित पुरानो कास्टलाई समावेश गर्ने योजना बनाइएको छ।

पहिलो भाग ‘मोहर’को कथा देउकी प्रथामा आधारित थियो, जसमा मन्दिरमा कन्या चढाउने प्रचलनलाई चित्रण गरिएको थियो। पल, बेनिशा र नीतिको अभिनय दर्शकहरूले निकै प्रशंसा गरेका थिए। विशेषगरी नीति शाहका लागि यो करिअरकै पहिलो सफल फिल्म बन्यो भने पल शाहको जेल जीवनपछि पहिलो ठूलो हिट फिल्म बनेको थियो।

---

**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Bajhang**

## Letter of Intent

**Date of publication: 2082/11/10**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name & Address of Bidder | Bid Price in RS (Excluding VAT & PS) |
|---|---|---|
| IDOBAJHANG/W/NCB/R/82/83-12 | Suchitra Construction, Chainpur, Bajhang | 43,59,245.99 |
| IDOBAJHANG/W/NCB/R/82/83-13 | Saptagiri Construction Pvt.,Bajhang | 12,85,851.00 |
| IDOBAJHANG/W/NCB/R/82/83-14 | S.K. Sujan Nirman Sewa,Bajhang | 11,75,812.49 |
| IDOBAJHANG/W/NCB/R/82/83-15 | R.K.P.Construction Pvt.Ltd,Bajhang | 25,33,455.00 |
| IDOBAJHANG/W/NCB/R/82/83-16 | Nabadurga Nirman Sewa, Bajhang | 29,38,359.51 |

**Office Chief**

---

**नेपाल सरकार**

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

**ठिमी, भक्तपुर**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/११/१०**

यस केन्द्रबाट मिति २०८२/०५/२० गते प्रकाशित तपशिल बमोजिमको अन्तराष्ट्रिय स्तरको बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रहरू मध्ये न्यूनतम मूल्यांकित, सारभूत रुपमा प्रभावग्राही देखिएका तपशिल बमोजिमका बोलपत्रहरू स्वीकृतिका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दावि बिरोध भए सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा पेश गर्नुहुन र उल्लेखित समयावधि भित्र दावि बिरोध नआए बोलपत्र स्वीकृत हुने जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| S. No. | Contract Identification No. | Bidder’s Name | Slice No. | Product Detail | Bid Amount (With VAT) |
|---|---|---|---|---|---|
| 1. | IFB-No-01/NTCC/G/ICB/01/2082-083 Procurement of Medicine of Tuberculosis for Adult 2FDC and 3FDC | Revachi International Pvt. Ltd. | 1 | RH(150/75) 2-FDC RH (150/75) 150mg+75mg Flim coated Tablets(s) | Rs.65003740.28 |
| | | Revachi International Pvt. Ltd. | 2 | RHE(150/75/275) 3-FDC RH (150/75/275) 150mg+75mg+275mg Flim coated Tablets(s) | Rs. 24861220 |
| 2. | IFB-No-02/NTCC/G/ICB/02/2082-083 Procurement of Medicine of Tuberculosis for Adult 4FDC | Revachi International Pvt. Ltd. | 1 | RHZE(150/75/400/275) 4-FDC RH (150/75/400/275) 150mg+75mg+400mg+275mg Flim coated Tablets(s) | Rs. 58501232.44 |

---

## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**कपिलाकोट, सिन्धुली**

## वोलपत्र आह्वानको सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/११/१०)**

यस कार्यालयको तपसिल बमोजिमको कार्य विद्युतीय बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ। विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाइट www.marinmun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | कार्यविवरण | ठेक्का नं. | अनुमानित लागत मू.अ. कर बाहेक (रु.) | जमानत रकम (रु.) | बोलपत्र फारम दस्तुर (रु.) | बोलपत्र मान्य हुने अवधि | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | उन्नत जातका भैंसीको पाडी खरिद तथा आपूर्ति कार्य | MRM/Goods (Livestock)/NCB/01/2082-083(Re) | ९९,६०,०००।- | २,९८,८००।- | ३,०००।- | ९० दिन | २०८२/११/२५ गते दिनको १२ बजे भित्र | २०८२/११/२५ गते दिनको १ बजे | |
| २. | Supply of Gabion crates | MRM/Sindhuli/Goods/NCB/02/2082-083(Re) | १८,५६,९२३।२० | ५३,०००।- | ३,०००।- | ९० दिन | २०८२/११/२५ गते दिनको १२ बजे भित्र | २०८२/११/२५ गते दिनको १ बजे | |
| ३. | Hile Dhap Hilekhola Paschim Patti kulo Sahit Concrete Parkhal Gari Tatabanda Karya | MRM/Sindhuli/Works/NCB/04/2082-083(Re) | १७,२५,१८३।१४ | ४४,०००।- | ३,०००।- | ९० दिन | २०८२/११/२५ गते दिनको १२ बजे भित्र | २०८२/११/२५ गते दिनको १ बजे | |

**प्रमुख प्रशासकीय अधिकृत**

# सहाराले १२ वर्षपछि चुम्यो आहा रारा पोखरा गोल्डकपको उपाधि




**कास्की/मस–** मोफसलको पुरानो र प्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकपको २५औं संस्करणको उपाधि आयोजक सहारा क्लब पोखराले जितेको छ ।

पोखरा रंगशालामा शनिबार सम्पन्न फाइनल खेलमा जावलाखेल युथ क्लबलाई २-० गोलले हराउँदै सहाराले १२ वर्षपछि उपाधि चुम्यो । च्याम्पियन बनेको सहाराले ट्रफीसहित रु १४ लाख एक हजार पुरस्कार पाउँदा उपविजेता जावलाखेलले सात लाख एक हजार रुपैयाँ र ट्रफीमा चित्त बुझायो । सहाराले विसं २०७० मा पहिलोपटक उपाधि जितेको थियो ।

सहारालाई च्याम्पियन बनाउने क्रममा खेलको २५औं मिनेटमा फरवार्ड मुकुन्दकुमार निउरेले गोल गरे । सुशील लामाको कर्नर बललाई निउरेले उत्कृष्ट हेड गर्दै गोल गरे । पहिलो हाफमा एक गोलको अग्रता बनाएको घरेलु टोलीले दोस्रो हाफमा पुन: एक गोल थप्न सफल भयो । खेलको ७३औं मिनेटमा सहाराका विदेशी खेलाडी टाय डिनियल बादारुले हेडमार्फत गोल गरेपछि टोलीको जित पक्का गरे ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीको उपाधि सहाराका मुकुन्दकुमार निउरे घोषित हुँदै एक थान इलेक्ट्रिक स्कुटर पाए । यसैगरी उत्कृष्ट डिफेन्डर सहाराका बादारु घोषित, सर्वाधिक गोलकर्ता प्लानिङ ब्वाईजका पापा आइबोउ केबे, उदियमान खेलाडी सहाराका मुकुन्दकुमार निउरे, स्ट्राइकर जावलाखेल युथ क्लबका धर्वेन्द कुँवर, गोलकिपर सहाराका टीकेन्द्र थापा, मिडफिल्डर जावलाखेलका बाउबकर सिसिको, प्रशिक्षक सहाराका सुनिल रानामागर र 'फेयर प्ले अवार्ड' आभा फुटबल क्लब उज्वेकिस्तानले पाए ।

उनीहरूले जनही नगद २५ हजार रुपैयाँ पुरस्कार पाएका छन् । सहारा क्लब पोखराको आयोजनामा गत माघ २७ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा विदेशी तीन र नेपालका नौ गरी १२ टोलीले प्रतिस्पर्धा गरेका थिए ।

विजेता खेलाडी गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा, मुख्य प्रायोजक हिमश्री फड्सका कार्यकारी निर्देशक प्रकाश केसी लगायतले पुरस्कार वितरण गरे ।

# एपिएफलाई एन्फा महिला फुटबल च्याम्पियनसिपको उपाधि

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ९ फागुन




एन्फा महिला फुटबल च्याम्पियनसिपको उपाधि सशस्त्र प्रहरी बलको एपिएफ क्लबले जितेको छ । उदयपुरको थारुहट रंगशाला, गाईघाटमा शनिबार सम्पन्न फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई २-१ गोलअन्तरले हराउँदै एपिएफ च्याम्पियन बनेको हो ।

पहिलो हाफमा दुवै टोलीबीच कडा प्रतिस्पर्धा भए पनि गोल हुन सकेन । दोस्रो हाफमा खेल थप रोमाञ्चक बनेको थियो । ५४औं मिनेटमा गीता राणाले गोल गर्दै एपिएफलाई अग्रता दिलाइन् । त्यसपछि ६८औं मिनेटमा रेनुका नगरकोटीले अर्को गोल थप्दै टोलीको अग्रता दोब्बर पारिन् ।

आर्मीले ७१औं मिनेटमा जेनिफर राणामार्फत एक गोल फर्काए पनि त्यसपछि बराबरी गोल गर्न सकेन । खेलको 'म्यान अफ द म्याच' एपिएफकी गीता राणा घोषित भइन् ।

उपाधिसँगै एपिएफले ७ लाख ५० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ । उपविजेता आर्मीले ५ लाख रुपैयाँमा चित्त बुझायो ।

व्यक्तिगत विधातर्फ एपिएफकी अन्जना राना मगर उत्कृष्ट गोलरक्षक घोषित भइन् भने सर्वाधिक गोलकर्ता रश्मी कुमारी घिसिङ बनिन् । सर्वोत्कृष्ट खेलाडीको उपाधि त्रिभुवन आर्मी क्लबकी दीपा शाहीले हात पारिन् । उनीहरूले जनही ५० हजार रुपैयाँ पुरस्कार पाए ।

फागुन १ गतेदेखि सुरु भएको प्रतियोगितामा देशभरका १० शीर्ष महिला टोलीहरूको सहभागिता रहेको थियो । फाइनल खेल अवलोकन गर्न मैदानमा दर्शकको उल्लेख्य उपस्थिति देखिएको थियो ।

प्रतियोगिता अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजना तथा जिल्ला फुटबल संघ उदयपुरको सह-आयोजनामा सम्पन्न भएको हो । एन्फाका महासचिव किरण राईले उदयपुरको थारुहट रंगशालामा आगामी दिनमा राष्ट्रिय मात्र नभइ अन्तर्राष्ट्रिय प्रतियोगितासमेत आयोजना गर्न सकिने सम्भावना रहेको बताए ।

# आइकेओ क्योकुसिनकाई कराते डोजोको बेल्ट टेस्ट सम्पन्न

**माधवप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ९ फागुन



ललितपुरको नखिपोटस्थित आइकेओ क्योकुसिनकाई कराते डोजोमा १५औं बेल्ट टेस्ट सम्पन्न भएको छ । शुक्रबार र शनिबार आयोजित परीक्षामा नियमित प्रशिक्षणमा रहेका ३२ जना जुनियर खेलाडी सहभागी भएका थिए ।

डोजोका प्रमुख प्रशिक्षक सेन्सेई समीर श्रेष्ठका अनुसार बेल्ट टेस्टमा सहभागीमध्ये २ जनाले ब्राउन बेल्ट, ७ जनाले सिनियर ग्रीन बेल्ट, २ जनाले ग्रीन बेल्ट, ७ जनाले येलो बेल्ट, ६ जनाले ब्लु बेल्ट र ८ जनाले अरेन्ज बेल्टका लागि परीक्षा दिएका छन् । परीक्षामा प्रमुख प्रशिक्षक सेन्सेई समीर श्रेष्ठ, प्रशिक्षक सेन्सेई उत्तम स्थापित तथा सहायक प्रशिक्षक विनेश स्याङ्तानले खेलाडीहरूको सीप र क्षमताको मूल्यांकन गरेका थिए ।

आइकेओ क्योकुसिनकाई नेपालका ब्रान्च चिफ सेन्सेई दीपक लामाले बेल्ट टेस्ट खेलाडीको स्तर निर्धारण गर्ने महत्वपूर्ण आधार भएको बताए । उनका अनुसार यस प्रक्रियाले खेलाडीको वास्तविक क्षमता पहिचान हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्न सहयोग पुग्छ । 'बेल्ट टेस्टबाट खेलाडीको क्षमताको मूल्यांकन हुन्छ, प्रतिस्पर्धात्मक भावना विकास हुन्छ र अन्तर ष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने हिम्मतिला खेलाडीको पहिचान सम्भव हुन्छ,' उनले भने ।

प्रमुख प्रशिक्षक श्रेष्ठले कडा अनुशासन र मेहनतका आधारमा मात्रै स्तरोन्नति गराइएको स्पष्ट पारे । उनका अनुसार ६० दिन नियमित हाजिर भई आवश्यक मापदण्ड पूरा गरेका खेलाडीलाई मात्र बेल्ट टेस्टमा सहभागी गराइएको थियो । लिखित परीक्षा, बेसिक (किहोन) परीक्षण, स्टेपिङ, काता र कुमिते जस्ता प्राविधिक पक्षमा सफल भएपछि मात्रै खेलाडीलाई स्तरोन्नतिमा समावेश गरिएको उनले जानकारी दिए ।

डोजोमा प्रत्येक तीनदेखि चार महिनामा बेल्ट टेस्ट आयोजना गर्ने प्रचलन रहेको पनि श्रेष्ठले जानकारी दिए । दुई दिनसम्म चलेको परीक्षामा खेलाडीहरूले पूर्ण अनुशासनमा रही निर्धारित मापदण्ड पूरा गरेका थिए ।

## कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८२/११/१० गते मध्यान्ह दैनिक)

यस कुमाारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बहुअरी गा.वि.स./न.पा वडा नं. ९ स्थित कित्ता नं. ११४२ को क्षे.फ. ०-२-१०-० (वि.क.धु.क) र ऐ.ऐ. नौतन गा.वि.स./न.पा वडा नं. ५ स्थित कित्ता नं. ९७२ क्षे.फ. ०-१-१५-० (वि.क.धु.क) जग्गा तथा सोमा निर्माण भएको संरचना एवं उक्त संरचना भित्र रहेको सम्पुर्ण चल श्रीसम्पति (Fix Assets, Heavy Equipment, Plant and Machinery, Stock) तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, नौतन गा.वि.स./न.पा वडा नं.५ स्थित कित्ता नं. ९७२, ५०७, २२२ र २२१ को क्षे.फ. ०-१-१५-१२, ०-४-०-०, ०-५-०-० र ०-५-०-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औ दिन अर्थात मिति २०८२ फागुन १६ गते** सम्म कुमारी बैंक लि.को शाखा कार्यालय विरगंजमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंक लि.को शाखा कार्यालय विरगंजबाट रु ५००/तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा ब्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । ब्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८२ फागुन १७ गते ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको शाखा कार्यालय विरगंजमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सोको भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रकृयानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले व्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको शाखा कार्यालय विरगंजमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८२ फागुन १७ गते आइतबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय विरगंज फोन नं. ०५१–५२५८१३/१४**

**Province Government**
**Ministry of Water Resources and Energy Development**
**Water Supply, Irrigation and Energy Development Directorate**

## Water Supply, Irrigation and Energy Development Office

**Karnali Province, Humla, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication: 22-02-2026**

1. **The Water Supply,Irrigation and Energy Development Office,Humla** invites only electronic bids from eligible bidders under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. The name and identification of the contract are as follows:

| Contract ID No. | Contract Identification no./ Description of works | Estimated Amount with PS in NRs without VAT | Minimum average annual construction turnover of best 3 years within the last 10 years | Bid Security amount NRs. | Bid document Fee NRs. | bid validity period |
|---|---|---|---|---|---|---|
| WIEDO/HUMLA/ NCB/KWNI/ 15/082-083 | Kharpunath tatha Lawasur Khanepani Yojana kharpunath-4,5 and Naudhara Dekhi Bhagautibisauna samma Sichai Kharpunath-5, Humla | NA | 30.77 millions | 5,20,000.00 | 5000.00 | 120 days |
| WIEDO/ HUMLA/NCB/ LPBI/16/082-083 | Lamahi Palsa Sichai Adhanchuli -6 and Bhatgaun Ansete Sichai Kulo Tajakot -4, Humla | NA | 26.96 Millions | 4,50,000.00 | 5000.00 | 120 days |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Water Supply,Irrigation and Energy Development Office, Humla Tel.: 087680057, 9858322357 Email: wiedohumla2019@gmail.com*** of office or may visit e-GP system: **www.bolpatra.gov.np/egp** .
3. Bidding documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank : Rastriya Banijya Bank ,Humla
Name of the Office : Water Supply,Irrigation and Energy Development Office, Humla
Office Account No. : 1000200010000 (Rajaswa)
Code No. : 3080164016
Revenue Head No. : 14229

**Information to deposit the cost of bid Security amount :**

Name of the Bank : Rastriya Banijya Bank , Humla
Name of the Office : Water Supply,Irrigation and Energy Development Office, Humla
Account No : 4190502000000 (Dharauti Khata )

4. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the ***Water Supply,Irrigation and Energy Development Office, Humla*** on or before 12:00 hours on **24-03-2026**. Bids received after this deadline will be rejected.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on ***1:00 hour on 24-03-2026*** at the office of ***Water Supply,Irrigation and Energy Development Office, Humla***. Bids valid period is counting from the day of bid opening and must be accompanied by bid security (as mentioned above) which shall be valid for minimum 30 days beyond the bid validity period.
6. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.Other mandatory information are in the bid document .

**Office Chief**

आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
१० फागुन २०८२ आइतबार
22 February 2026 Sunday



**टनेल बनाइँदै**
गोदावरी नगरपालिका-१ मा किसानले टनेल खेतीका गर्नका लागि हरियो बाँसले टनेल बनाउँदै । यसमा तरकारी र फलफुलको खेती गर्दा राम्रो उत्पादन दिने गर्छ । ***तस्बिर: अर्चना झा/रासस***

# वाणिज्य बैंकमा निरन्तर बढ्यो गैरबैंकिङ सम्पत्ति

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ९ फागुन

वाणिज्य बैंकहरूमा गैर बैंकिङ सम्पत्ति निरन्तर थुप्रिने क्रम बढेको देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो तथ्यांकले सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकमा ४३ अर्ब ५७ करोड ६० लाख रुपैयाँ गैर बैंकिङ सम्पत्ति पुगेको देखाएको हो ।




अघिल्लो आर्थिक वर्षको असार मसान्तसम्म यस्तो सम्पत्ति वाणिज्य बैंकहरूमा ३० अर्ब १७ करोड ६० लाख रुपैयाँ बराबरको मात्रै रहेको थियो । सम्पत्ति तर्फ बैंकहरूको स्थिर सम्पत्ति १ खर्ब ३७ अर्ब ७७ करोड, अन्य सम्पत्ति ५ खर्ब ४१ अर्ब २३ करोड ३० लाख छ । पुस मसान्तसम्म बैंकहरूले २७ अर्ब ३ करोड ५० लाख रुपैयाँ नाफा कमाएका थिए । समीक्षा अवधिमा बैंकहरूको कुल सापटी २ खर्ब १९ अर्ब ७२ करोड ५० लाख रुपैयाँ रहेको छ, जसमा ऋणपत्र र सुरक्षण पत्रहरू मार्फत संकलित १ खर्ब ८० अर्ब ७८ करोड ८० लाख रुपैयाँ मुख्य छ ।

बैंकहरूको अन्य दायित्व ७ खर्ब ७ अर्ब ७ करोड १० लाख रुपैयाँ रहेको छ, जसमा कर्जा नोक्सानी व्यवस्था २ खर्ब ९५ अर्ब ८९ करोड ७० लाख र ब्याज स्थगन खाता ४८ अर्ब ९९ करोड ४० लाख रुपैयाँ रहेको छ. वाणिज्य बैंकहरूले यस अवधि सम्ममा कुल ६९ खर्ब ५३ अर्ब ६८ करोड ९० लाख रुपैयाँ निक्षेप संकलन गरेका थिए । निक्षेपको प्रकृति अनुसार बचत खातामा २८ खर्ब २६ अर्ब ३५ करोड ३० लाख, मुद्दती निक्षेपमा २ ९ खर्ब ५५ अर्ब ४० करोड, कल निक्षेपमा ५ खर्ब ९७ अर्ब ८१ करोड ३० लाख र चल्ती निक्षेपमा ५ खर्ब २३ अर्ब ७४ करोड ५० लाख रुपैयाँ रहेको छ । त्यस्तै, यस अवधिमा वाणिज्य बैंकहरूले कुल ५१ खर्ब ४९ अर्ब २३ करोड १० लाख कर्जा तथा सापटी प्रवाह गरेका छन् । कुल कर्जामध्ये निजी क्षेत्रमा मात्रै ४९ खर्ब २८ अर्ब ५० करोड ३० लाख रुपैयाँ प्रवाह भएको छ भने वित्तीय संस्थाहरूमा २ खर्ब ४ अर्ब ७१ करोड २० लाख र सरकारी संस्थाहरूमा ५ अर्ब ९२ करोड रुपैयाँ कर्जा लगानी भएको छ ।

तथ्यांकअनुसार बैंकहरूको कुल पुँजी कोष ७ खर्ब ३४ अर्ब ७५ करोड ३० लाख रुपैयाँ रहेको छ । यसमा चुक्ता पुँजी ३ खर्ब ९९ अर्ब २९ करोड २० लाख र वैधानिक जगेडा कोष १ खर्ब ५६ अर्ब ८७ करोड रुपैयाँ रहेको छ । यद्यपि, बैंकहरूको रिटेन्ड अर्निङ १९ अर्ब ५१ करोड ७० लाख रुपैयाँले ऋणात्मक देखिएको छ भने अन्य जगेडा कोषहरूमा १ खर्ब ९८ अर्ब १० करोड ८० लाख रुपैयाँ रहेको छ ।

# ‘नेपाल-भारत आर्थिक सहकार्यलाई परिणाममुखी बनाउनुपर्छ’

**काठमाडौं/मस-** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल-भारत आर्थिक सहकार्यलाई थप सहज एवं परिणाममुखी बनाउनुपर्नेमा जोड दिएका छन् । भारतको राजधानी नयाँ दिल्लीमा सुरु भएको ‘दोस्रो इन्डो-नेपाल व्यापार महोत्सव २०२६’ लाई शुक्रबार सम्बोधन गर्दै उनले नेपाल-भारतबीच सहज भन्सार प्रक्रिया, मापदण्ड समन्वय, डिजिटल व्यापार प्रणाली सुदृढीकरण तथा साना-मझौला उद्योगलाई वित्तीय पहुँच र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्नुपर्नेमा जोड दिए ।




अध्यक्ष ढकालले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र प्रमुख लगानीस्रोत रहेको उल्लेख गर्दै खुला सीमा, सांस्कृतिक निकटता र जनस्तरको सम्बन्धले दुई देशबीचको साझेदारीलाई विशिष्ट बनाएको धारणा राखेको महासंघद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

उनले विश्व अर्थतन्त्रमा अनिश्चितता र आपूर्ति शृंखलामा अवरोध उत्पन्न भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा छिमेकी राष्ट्रबीचको सुदृढ सहकार्य महत्वपूर्ण हुनेमा जोड दिए । भारतले हालै प्रस्तुत गरेको केन्द्रीय बजेटले पूर्वाधार, ‘डिजिटल कनेक्टिभिटी’, हरित ऊर्जा तथा साना-मझौला उद्योग प्रवर्धनमा दिएको प्राथमिकताले नेपालका लागिसमेत नयाँ अवसर सिर्जना गर्ने उनको धारणा थियो ।

अध्यक्ष ढकालले नेपाल जलविद्युत्मा समृद्ध रहेको र भारततर्फ विद्युत् निर्यात सुरु भइसकेको जानकारी दिँदै उपयुक्त प्रसारण लाइन र नीतिगत स्थायित्व भएमा नेपाल भारतको विश्वासिलो हरित ऊर्जा साझेदार बन्न सक्ने बताए ।

यस्तै, उनले पर्यटन क्षेत्रमा नेपालले प्राकृतिक सौन्दर्य, साहसिक तथा आध्यात्मिक गन्तव्यहरू प्रस्तुत गरेको उल्लेख गर्दै होटल, रिसोर्ट तथा केबलकार परियोजनाहरूमा लगानीको अवसर विस्तार भइरहेको जानकारी पनि गराए ।

# आइएमई गरेका बद्री लामाले जिते टाटा टियागो

**काठमाडौं/मस-** पोर्चुगलबाट एस मनि ट्रान्सफरमार्फत नेपालमा आइएमई गरेका दोलखाका बद्री लामाले टाटा टियागो ईभी कार जितेका छन् । काठमाडौंमा आयोजित कार्यक्रममा आइएमई लिमिटेडका अध्यक्ष हेमराज ढकालले भाग्यशाली विजेता लामाको तर्फबाट उनकी आमा नरमाया तामाङलाई टाटा टियागो ईभी कार हस्तान्तरण गरेका हुन् ।




अध्यक्ष ढकालले कार विजेतालाई बधाई दिनुका साथै आइएमई प्रति ग्राहकहरूले देखाएको विश्वासप्रति धन्यवाद व्यक्त गरे । विदेशमा रहेर परिश्रम गरेर कमाएको रकम औपचारिक माध्यमबाट स्वदेश पठाउँदा त्यसले परिवार, समाज र अर्थतन्त्रमा सकारात्मक प्रभाव पारिरहेको पनि अध्यक्ष ढकालले उल्लेख गरे ।

आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडेलले विदेशको श्रम बजारमा काम गरेर मात्र धन-सम्पत्ति होइन, स्वदेशमा सीप र अनुभव हस्तान्तरण गर्दै उद्यमी बन्ने युवाको संख्या बढ्दै गएको बताए ।

गत कार्तिकदेखि माघसम्म सञ्चालित ‘एस मनि ट्रान्सफरको खबर छ, खुसी नै खुसी’ योजना अन्तर्गत विदेशबाट एस मनि ट्रान्सफरमार्फत पैसा पठाउने सेवाग्राहीहरू यो लक्की ड्रमा समावेश थिए ।

# ‘नेपालको विकास र समृद्धिको मुख्य आधार जलविद्युत्’



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ फागुन

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले नेपालको समृद्धिको आधार ऊर्जा क्षेत्र भएको बताउँदै सरकारबाट लगानीमैत्री नीति, प्रतिबद्ध सरकार र दीर्घकालीन स्थिरताको माग गरेका छन् ।

झापा निर्वाचन क्षेत्र नम्बर ५ का उम्मेदवार तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँगको निजी क्षेत्र संवाद कार्यक्रममा कार्कीले नेपालको विकास र समृद्धिको मुख्य आधार जलविद्युत् तथा ऊर्जा क्षेत्र भएको बताए । उनले ऊर्जा क्षेत्रमा निजी क्षेत्रले ठूलो लगानी गरिसके पनि सरकारको नीतिगत अस्थिरता, लाइसेन्स वितरणमा लापरबाही र विद्युत् खरिदमा अनिच्छाका कारण समस्या बढिरहेको बताए ।

निजी क्षेत्रले दुई वर्षदेखि फाइल मुभ नहुने अवस्था रहेको गुनासो गर्दै सुशासनको खोजीमा सबै राजनीतिक दलहरूले राष्ट्र निर्माणको साझा एजेण्डा लिनुपर्नेमा जोड दिए । उनले सरकार परिवर्तन भएपनि नीति परिवर्तन हुन नहुनेमा जोड दिँदै लगानीमैत्री वातावरण बनाइदिन आग्रह गरे ।

कार्कीले लाइसेन्स अन्धाधुन्ध बाँड्ने तर, उत्पादित बिजुली नकिन्ने नीतिप्रति असन्तुष्टि व्यक्त गरे । उनले संसद्बाट पास भएका कुरा कार्यान्वयन हुनुपर्ने र कर्मचारीको कारण रोकिन नहुने धारणा राखे । आगामी सरकार बलियो, बहुमतको र प्रतिबद्ध हुनुपर्ने भन्दै निजी क्षेत्रले ऊर्जासँग जोडिएका अन्य उद्योगहरूलाई पनि बचाउनुपर्ने बताउँदै उनले रोजगारी सिर्जना गर्न मानिस नपाइने अवस्था रहेको गुनासो गरे ।

उनले भने, ‘हाम्रा थुप्रै समस्या छन्, किनभने यो देशलाई समृद्ध बनाउने सेक्टर ऊर्जा हो, ऊर्जापछि मात्रै यहाँ अहिले जति सेक्टरहरूको कुरा गर्‍यौं नि, बिजुली भयो भने मात्रै सम्भव छ’, उनले भने ‘सरकारले अब प्रोजेक्ट बनाउँदै हिँड्ने होइन, सरकारले नीति मात्रै बनाइदेओस् हामी पैसाको व्यवस्था गर्छौं, हामी खोज्छौं ।’

उनले लाइसेन्स लिन करोडौं खर्च हुने तर बिजुली नकिन्ने र निजी क्षेत्रलाई व्यापार गर्न नदिने नीतिले धेरै लगानीकर्ता संकटमा परेको बताए । निजी क्षेत्रले रिस्क लिन तयार रहेको बताउँदै उनले सरकारले पनि त्यसलाई समर्थन गर्नुपर्ने वा आफैंले जिम्मेवारी लिनुपर्ने माग गरे ।


# Dodhara Chandani Municipality
# Office of the Municipal Executive
## Dodhara Chadani, Kanchanpur
## Sudurpaschim Province, Nepal

## Invitation for Bids

**First Date of Publication: 2082/10/10**

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for River Training construction work, Ward 01 and the Municipality int`ends to apply the funds to cover eligible payments under the Contract for Building construction work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at www.bolpatra.gov.np .
3. Bidding documents may bid from **www.bolpatra.gov.np only .**
4. Bids must be submitted through www.bolpatra.gov.np**, on or before 12.00hr. noon** on **2082/11/09.**
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend atDodharaChadani Municipality DodharaChadani, Kanchanpur on **2082/11/10 and 14.00hr.** Bids must be valid for a period of **90 days**after bid opening and must be accompanied by bid security, amounting to a **minimum of as mention below**, which shall be **valid for 30 days** beyond the bid validity period.
6. Bidder may submit Bid Document Fee in form of cash, in SanchitKosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodharachadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in **Dharauti Khata** Account No : 0823501563767108, Agricultural Development Bank, Dodharachadani branch.
   **Account Name. Dharauti Khata a**nd submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs. (Excluding VAT& PS) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 13/RTCW/ 2082/083 | Mahakali River Training Construction Work, Ward 01 | 28,31,374.00 | 1,00,000.00 | 3000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Admistrative Officer**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**